जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक ७६ • २०८० साल साउन १९ गते शुक्रबार (4 August, Friday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

## नागरिकताका लागि जिप्रका अगाडि धर्ना



**टुडे समाचारदाता**

मलंगवा । जिल्ला प्रशासन कार्यालय सर्लाहीले नागरिकता दिने प्रक्रिया झन्झटिलो बनाएको भन्दै जनता समाजवादी पार्टी (जसपा) नेपालले विरोध जनाएका छन् ।

नागरिकता लिन आउने सेवाग्राहीलाई अनावश्यक दुख दिएको आरोप लगाउँदै जसपाले बिहीबार दिउँसो जिल्ला प्रशासन कार्यालय अगाडि धर्नासमेत दिएका थिए ।

नागरिकता लिनका लागि आवश्यक पर्ने सम्पूर्ण कागजात पूरा भए पनि कर्मचारीले सेवाग्राहीलाई दुख दिने गरेको जसपाका पूर्व प्रतिनिधि सभा सदस्य प्रमोद साहले आरोप लगाएका छन् । जनतालाई सेवा दिनुको सट्टा दुख दिने गरेको साहको आरोप छ ।

आगामी दिनमा सेवा प्रवाहमा सुधार नभए जिल्लामा आन्दोलन गर्ने साहले चेतावनीसमेत दिएका छन् ।

कागजात पुगेका सेवाग्राहीले सरल र सहज रुपमा सेवा पाउनुपर्ने उनको कथन छ ।

ऐनले तोकेबमोजिमको प्रक्रिया पूरा गर्नेलाई सहज रुपमा नागरिकता उपलब्ध गराइएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताए ।

'जिप्रकाले कसैसित कुनै विभेद नगरी सरल रुपमा पारदर्शी ढंगले सेवा प्रवाह गरिरहेको छ ' उनले भने, आवश्यक कागजात संलग्न नरहेकाहरुलाई नागरिकता दिन सकिदैन् ।

नागरिकताको विषयलाई लिएर जसपाका नेता कर्याकर्ताले केहीबेर जिप्रका कार्यालय अगाडि धर्ना दिएका थिए । धर्नाको क्रममा प्रजिअ यादव विरुद्ध नाराबाजीसमेत गरिएको थियो । सुरक्षाको कडा व्यवस्था गरिएकाले कुनै अप्रिय घटना हुन सकेन् ।

ज न्म सि द्ध नागरिकका सन्तानलाई वंशज नागरिकता दिने कानुन बनिसके पनि बिचौलियामार्फत अतिरिक्त रकम असुल गरी नागरिकता दिने गरिएको सेवाग्राहीहरुको आरोप छ । बिचौलियामार्फत जानेको नागरिकता एकै दिनमा बन्ने गरेको तर प्रक्रिया पूरा गरी सोझै जिप्रकामा जानेलाई कयौं दिन फर्काउने गरिएको आरोप उनीहरुले लगाएका छन् ।

जन्मसिद्धका सन्तानलाई वंशजको नागरिकता दिन सरकारले संघीय संसदबाट कानुन नै बनाएको छ । तर त्यसको कार्यान्वयनमा बिचौलियाहरु प्रभावकारी बनेका छन् । उनीहरुले नागरिकता बनाइदिन मोटो रकम असुल गरिरहेको आरोप लाग्ने गरेको छ ।

मिसन २०८४ 'मधेशमा दुई तिहाइ'

# २० लाख सदस्य बनाउन केन्द्रीय सदस्यहरुलाई निर्देशन

**टुडे समाचारदाता**

काठमाण्डु । जनमत पार्टीका केन्द्रीय सदस्यहरुलाई २०८४ सालको चुनाव अगावै २० लाख सदस्य बनाउन निर्देशन दिएको छ ।

केन्द्रीय समितिको बिहीबार सम्पन्न बैठकमा अध्यक्ष डा.सि.के.राउतले मधेश प्रदेशमा दुई तिहाइ बहुमत ल्याएर सरकार बनाउन २० लाख सदस्य बनाउनुपर्नेमा जोड दिए ।

गत आमनिर्वाचनमा समानुपातिकतर्फ झण्डै ३ लाख २९ हजार १ सय ७७ मत आएको थियो । त्यसलाई पुराना सदस्य मानेर एकजनाले कम्तीमा ४ जना नयाँ सदस्य बनाउने जिम्मेवारी लिन अध्यक्ष राउतले निर्देशन दिए । मधेश प्रदेशमा प्रदेशसभातर्फको समानुपातिक मतमा जनमत सबै भन्दा अगाडि रहेको थियो ।

बिहान राजनीतिक समिति र त्यसपछि कार्यकारिणी समितिको बैठक बसेको थियो । एकै दिनमा सम्पन्न गरिएको तीनवटै बैठकको अध्यक्ष डा.राउतले नै गरेका थिए ।

बैठकमा केन्द्रीय सदस्यहरुले संगठन र प्रशिक्षण सम्बन्धी प्रतिवेदनहरु बुझाएको पार्टीका प्रवक्ता शरद यादवले बताए ।

'राजनीतिक समिति र कार्यकारिणी समितिको बैठकपछि केन्द्रीय समितिको बैठक बसेको थियो' उनले भने, बैठकले मिसन २०८४ मा मधेश प्रदेशमा २ तिहाइ सिट ल्याउन प्रतिबद्धता जनाएको छ ।




पार्टीको विभिन्न निकायहरु विस्तार भएर थपिएका नयाँ सदस्यहरुबीच परिचय र सम्पन्न प्रशिक्षणहरुको प्रभावकारिताबारे छलफल भएको उनले बताए ।

केन्द्रीय समिति, कार्यकारिणी समिति र राजनीतिक समितिमा थपिएका अनुहार हरुलाई पार्टीको विभिन्न पक्षबारे अध्यक्ष डा.राउतले जानकारी गराएका थिए । केही नयाँ विभाग पनि गठन विषयमा छलफल भएको सहभागी एकजना सदस्यले बताए ।

मधेश प्रदेश सरकारमा जनमतका २ जना मन्त्री छन् । संसदीय दलका नेता महेश प्रसाद यादव शिक्षा तथा समाजकल्याण र चन्दन सिंह श्रम तथा यातायात मन्त्री बनेका छन् । प्रारम्भमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री बनेका वसन्त कुशवाहालाई २ महिना बिना बिभागीय राखेर हटाइएको छ । राज्यमन्त्री सञ्जय यादव पनि सरकारबाट हटेका छन् । मधेश प्रदेशमा जनमत पार्टीका १३ जना सभासद छन् ।

समानुपातिक सभासद र प्रतिनिधि सभा सदस्यलाई फिर्ता बोलाउने अध्यक्ष राउतको नीतिको पार्टी भित्र व्यापक विरोध भएको छ । उनले दुई जना प्रतिनिधि सभासदस्यलाई फिर्ता बोलाउन गरेको आन्तरिक तयारीको विरोध हुन थालेपछि पछि हटेका थिए ।

मधेश प्रदेशमा मुख्यमन्त्रीमा दाबी गरेको जनमत पार्टीले उपसभामुख र २ वटा मन्त्रालयमा चित्त बुझाएको छ । तर आगामी चुनावमा दुई तिहाइ बहुमत ल्याउने लक्ष्य लिएर संगठन विस्तारमा जनमत जुटेको छ ।

संघीय सरकारमा सहभागी रहेर अलगिएको जनमत पार्टी फेरि सरकारमा सहभागिताका लागि प्रयासरत्त छ । खानेपानी मन्त्री अब्दूल खानले राजीनामा दिएपछि फेरि जनमत सरकारमा सहभागी हुन पाएको छैन् । केन्द्रीय समितिको बैठकमा सरकारमा सहभागिताको सबालमा पनि छलफल भएको थियो ।

राउतले मधेश प्रदेशमा दुई तिहाइ ल्याउने लक्ष्य लिएर संगठनलाई सुदृढ बनाउन इमानदारीपूर्वक लाग्न उनले निर्देशन दिए ।

'कोशी प्रदेशमा निर्णायक र लुम्बिनी प्रदेशमा सरकारको नेतृत्व गर्ने लक्ष्यलाई हासिल गर्नुपर्छ 'अध्यक्ष राउतले भने, परम्परागत पार्टीहरुको भन्दा फरक शैलीमा अगाडि बढनुपर्छ ।

देशको वर्तमान राजनीतिक अवस्था र दलहरुबीचको गठबन्धनले संघीय सरकारको नेतृत्व गर्नसक्ने सांसदलाई जिताउने उद्देश्यका साथ संगठन बनाउन उनले जोड दिए ।

संघीय सरकारमा सहभागी हुने विषयमा पनि छलफल भएको एकजना सहभागीले बताए । मधेश प्रदेशमा २ वटा मन्त्रालय पाएकोमा नेताहरु सन्तुष्ट देखिएका थिए ।

जनमत पार्टीले मधेशमा जनता समाजवादी पार्टी(जसपा)लाई प्रमुख शत्रु मानेको छ । जनमत पार्टीको गतिविधि जसपा विरुद्ध केन्द्रित रहने गरेको छ । सप्तरीमा जसपाका अध्यक्ष उपेन्द्र यादवलाई भारी मतले पराजित गरेर उत्साहित भएका राउतले बारा जिल्लाको उपचुनावमा पनि उनलाई पराजित गराउन लागि परेका थिए ।

मधेशमा लोकतान्त्रिक समाजवादी पार्टी लोसपा संगठनात्मक रुपमा कमजोर भइसकेकाले जसपालाई कमजोर बनाउन सके ठूलो दल हुने जनमतको बुझाइ छ ।

# वैदेशिक रोजगारीमा जानेको संख्या अहिलेसम्मकै सबै भन्दा बढी

## गत आवमा मधेशबाटै करीब दुई लाखले लिए श्रम स्वीकृति

**टुडे समाचारदाता**

जनकपुरधाम । गत आर्थिक वर्षमा वैदेशिक रोजगारीमा जानेको संख्याले उच्चतम् रेकर्ड कायम गरेको छ ।

गत आर्थिक वर्षमा ७ लाख ७१ हजार ३ सय २७ जनाले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिएका छन् । यो नयाँ तथा पुनः श्रम स्वीकृति लिनेको संख्या हो । नयाँ श्रम स्वीकृति लिने ४ लाख ९४ हजार २ सय२४ छन् ।

त्यसमध्ये नेपालमै सबै भन्दा बढी धनुषा जिल्लाबाट बैदेशिक रोजगारमा गएको सरकारी तथ्यांक छ । मधेश प्रदेशको राजधानीसमेत रहेको धनुषा जिल्लाबाट गत आर्थिक वर्षमा ३९ हजार ५ सय ७६ जनाले श्रम स्वीकृति लिएका छन् ।

मधेश प्रदेशबाट कुल १ लाख ८० हजार ६ सय ५९ जनाले श्रम स्वीकृति लिएका छन् । मधेश प्रदेशबाट बैदेशिक रोजगारमा जानेहरुको संख्या विदेशिने जनशक्तिको कुल संख्याको २३.४२ प्रतिशत रहेको छ ।

मधेश प्रदेशको सप्तरीमा २१ हजार १ सय ५९ जनाले श्रम स्वीकृति लिएका छन् । सिरहामा २९ हजार ५ सय ९७, महोत्तरीमा २८ हजार ८ सय ७२ जना, सर्लाहीमा २३ हजार ७ सय २१, रौतहटमा १५ हजार २ सय ९१, बारामा १४ हजार ६ सय १२ र पर्सामा ७ हजार ८ सय ३१ जनाले श्रम स्वीकृति लिएको जनाइएको छ ।

आर्थिक वर्ष ०७९/८० मा मलेसियाका लागि सबैभन्दा धैरै २ लाख ५९ हजार ५ सय ९४ जनाले श्रम स्वीकृति लिएका छन् । यो कुल संख्याको ३३.६५ प्रतिशत रहेको छ । अन्य खाडी मुलुकमा भन्दा नेपाली श्रमिकको पहिलो रोजाइमा मलेसिया परेको श्रम तथा रोजगार कार्यालय, जनकपुरधामका सूचना अधिकारी बासुकीनाथ झा बताउँछन् ।

मधेश प्रदेशमा रोजगारीको सम्भावना नरहेका कारण यतिको संख्यामा बैदेशिक रोजगारमा सर्वसाधारण जाने गरेको उनले बताए ।



'आफ्नै गाउँ ठाउँमा उद्योग कलकारखाना नरहेका कारण उनीहरु बैदेशिक रोजगारी रोज्नुपर्ने बाध्यता छ 'झाले भने, बैदेशिक रोजगारमा जानेहरुमध्ये अधिकांश दक्षता प्राप्त नगरेकाहरु छन् । श्रम स्वीकृतिको बेला सवैथोक हुने तर स्कीलमा भने क्रसको निसान लागेको हुनाले सरकारले सीपमूलक तालिमको व्यवस्थापन गर्नुपर्ने उनको सुझाव छ ।

कुल ६१ लाख २६ हजार २ सय ८८ जनसंख्या रहेको मधेश प्रदेशबाट १ लाख ८० हजार ६ सय ५९ बैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिएका छन् । हुनत यहाँ ठूला साना गरी ८ सय १२ वटा उद्योग रहेको मधेश प्रदेशको तथ्यांकले देखाउँछन् । अधिकांश उद्योगहरुमा भारतीय कामदारहरु रहेका कारण स्थानीय जनशक्ति बैदेशिक रोजगारमा जान बाध्य भएका छन् ।

श्रम स्वीकृतिका लागि अनलाइन फारम भर्न जनकपुरधाम आएका धनुषा दिगम्बरपुरका विजय महतोले भने-'बैदेशिक रोजगारमा जानु हाम्रो बाध्यता हो, घर परिबारसंग बस्न कसको रहर हुँदैन् तर यहाँ बस्दा पेट पाल्न पनि कठिन हुन्छ । बच्चाको भविष्य हेर्नुछ, आमा बुबा समेत बुढो भइसकेको अवस्था छ मलाई यहाँ बसेर कसरी काम चल्छ ?'

उनीसंगै आएका विकास महतोको विचार पनि उस्तै थियो । उनी भन्छन्-' पहिला पहिला यहाँका मान्छेहरु दिल्ली, पंजाव जान्थे, केही दिन सिजनमा काम गर्थे फेरि फर्केर आउँथे । कमाउन त्यतिबेला पनि बाहिर जानु परेको थियो अहिले पनि परेको छ, पहिलेको र अहिलेमा धेरै परिवर्तन भइसक्यो तर, अवस्था ज्यूँका त्यूँछन् । सरकारमा को छन् हाम्रो लागि कुनै महत्व छैन् किन भने आफै कमाएर आफूसंगै परिवारको पालन पोषण गर्नुछ ।'

मधेश प्रदेशमा गत आर्थिक बर्षमा ३ हजार ३ सय ३९ जना महिलाले पनि श्रम स्वीकृति लिएका छन् । सरकारले ३ प्रकारबाट बैदेशिक रोजगारमा पठाउने गरेको छ । जसमा जी टु जी, संस्थागत र व्यक्तिगत रहेका छन् । जसमा मधेश प्रदेशबाट संस्थागत (मेनपावर)बाट नै बढी बैदेशिक रोजगारमा गएका छन् ।

खास गरी मधेश प्रदेशमा महिला बैदेशिक रोजगारमा जाने परिपाटी नभए पनि ३ हजार भन्दा बढी बैदेशिक रोजगारमा रहेको तथ्यांकले देखाउँछ । संस्थागत (मेनपावर)बाट गएका महिलाहरुमा पनि कुनै सीप बिनानै बैदेशिक रोजगार गएका छन् । उनीहरु खास गरी घरायसी कामकाजका लागि गएको हुन सक्ने बताइएको छ ।

'जनमन सँ जनजन धरि'



रेडियो टुडे
९१ मेगाहर्ज

रेडियो टुडे ९१ मेगाहर्ज
समाचार आ मनोरञ्जन ल क
निरन्तर १८ घण्टा
अहाँक सँग

सुझाव आ प्रतिकृयाकऽलेल
०४१-५२७५९१, ५२३८६७

भिन्सर ५ बजे सँ राति ११ बजे धरि

# सुख्खा क्षेत्र घोषणाको माग

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको बोदे बर्साइन नगरपालिकालाई सुख्खा क्षेत्र घोषणा गरी पीडित किसानलाई राहत र क्षतिपूर्ति दिनुपर्ने पाँच सूत्रीय माग राख्दै किसान सङ्घर्ष समितिले ज्ञापनपत्र बुझाएको छ।

समितिले बिहीबार बोदे बर्साइन नगरपालिकाका नगर प्रमुख आतेश कुमार सिंह यादवलाई ज्ञापनपत्र बुझाएको छ।

किसान सङ्घर्ष समिति बोदे बर्साइनका संयोजक श्रीप्रसाद भगतको नेतृत्वमा बोदे बर्साइन नगरपालिकाको कार्यालय पुगेको टोलीले नगर प्रमुख यादवलाई पानी नपरेपछि आमनागरिक र किसानले पानीको अभावमा खेतीपाती गर्न नसकेकाले तत्काल सुख्खा क्षेत्र घोषणा हुनुपर्ने, फैलिएको लम्पि स्किन रोग निदान तथा नियन्त्रणका लागि भ्याक्सिनको व्यवस्था गर्नुको साथै बस्तुभाउ गुमाएका किसानलाई क्षतिपूर्तिको व्यवस्था गर्नुपर्ने माग गरेको छ।



त्यस्तै,किसानका लागि उन्नत वीउ विजन,सिँचाइ तथा मलखाद सरल र सहज रूपमा उपलब्धताको सुनिश्चित गर्नुपर्ने,कृषि विद्युतीयकरणसँग आबद्ध भएका किसानका लागि २४ घण्टा विद्युत आपूर्तिको व्यवस्थापन गर्नुको साथै राहतस्वरुप कृषि विद्युत मिटर नगरपालिकाले किसानलाई सहज रूपमा उपलब्ध गर्नुपर्ने मागसमेत अघि सारिएको छ।

यसैगरी,बोदे बर्साइन नगरपालिकामा कृषि तथा पशु अनुसन्धान प्रयोगशालाको व्यवस्था हुनुपर्नेसहितको माग रहेको छ । समितिले बुझाएको ज्ञापनपत्र बुझ्दै नगर प्रमुख यादवले बोदे बर्साइन नगरपालिकामा तत्काल देखिएको खानेपानीसहित कृषि कर्मका लागि आवश्यक पानीको समस्याबारेमा स्थानीय सरकार गम्भीर रहेको बताइएको छ।

नगर प्रमुख यादवले यस विषयमा उर्जा सिँचाइ तथा खानेपानी मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा अन्य सरोकारवालाको विज्ञसँग छिटो छलफल गरेर आफू पनि सर्वदलीय बैठक बोलाएर समस्याको समाधानका लागि अगाडि बढ्ने बताए।

सो अवसरमा वडाध्यक्ष मो.मोजिबुर रहमान, वडाध्यक्ष राज कुमार यादव, स्थानीय बुद्धिजीवी मो.गफुर, अरुण कुमार यादव, अनिल प्रसाद सिंह, मो जमिर,पत्रकार उमेश कुमार साह लगायतको उपस्थिति रहेको थियो।

# बन्दीसहित उपस्थित हुन आदेश

**टुडे समाचारदाता**

गौर । निषेधाज्ञाको आदेश जारी हुँदा हुदै बिना कारण पक्राउ गरेको भन्दै परेको रिटमा रौतहट जिल्ला अदालतले २४ घटना भित्रमा बन्दीलाई उपस्थित गराउन आदेश दिएका छन्।

रौतहटको राजदेवी नगरपालिका वडा नम्बर ७ का शिव कुमारी देवीले दिएको बन्दी प्रत्यक्षीकरण मुद्दामा रौतहट जिल्ला अदालतका जिल्ला न्यायाधीश बाबुकाजी बानियाको इजलासले बन्दी भनिएका सियाराम प्रसाद यादवसहित उपस्थित हुन आदेश दिएको छ।

लेनदेन कारोबार गरेर लिएको रकम नदिएपछि साहु सियाराम प्रसाद यादवले ऋणी रौतहट जिल्लाको इशनाथ नगरपालिका वड़ा नम्बर ३ का शिव शंकर प्रसाद सिन्हामाथि लेनदेन मुद्दा दर्ता गराएको निहुमा ऋणीको श्रीमती सिंहासन देवीले जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएका थिए।

मिटरब्याजी भनी उजुरी दिएपछि साहु सियाराम प्रसाद यादवले ऋणीको श्रीमती प्रमुख जिल्ला अधिकारी ,जिल्ला प्रशासन कार्यालय , प्रहरी उपरीक्षक ,जिल्ला प्रहरी कार्यालय , प्रहरी चौकी लक्ष्मीपुर बेलबिछवालाई विपक्षी बनाइ रौतहट जिल्ला अदालतमा निषेधाज्ञा मुद्दा दायर गरेका थिए।

रिट निबेदनको सुनुवाइपछि जिल्ला अदालतले कानुन बमोजिम बाहेक पक्राउ नगर्नु नगराउनु भनी आदेश जारी गरेको अवस्थामा प्रहरीले सियाराम प्रसाद यादवलाई गैर क़ानुनी रुपमा थुनामा राखेको भन्दै दिएको रिट निवेदनमा जिल्ला अदालतले २४ घटना भित्रमा बन्दीलाई उपस्थित गराउने आदेश दिएको शिव कुमारीले बताएकी छन्।

प्रमुख जिल्ला अधिकारी , जिल्ला प्रशासन कार्यालय , प्रहरी उपरीक्षक , जिल्ला प्रहरी कार्यालय , प्रहरी चौकी लक्ष्मीपुर बेलविछबालाई जिल्ला सरकारी वकील कार्यालयमार्फत बन्दीलाइ हाजिर गराउनु भनिएको आदेश पर्चामा उल्लेख गरिएको छ।

नेपाल सरकारले अनुचित लेनदेन विरुद्धको कानुन ल्याएपछि साहुको रकम मास्नको निमित्त अदालतबाट वर्षौ पहिला मुद्दा छिनोफानो भइसकेको विषयलाई लिएर दिएको निवेदनलाई आधार मानेर स्थानीय प्रशासन बलपूर्वक अदालतको निर्णय फैसलाको वास्ता नगरी साहुमाथि अन्याय गरिरहेको टिप्पणी व्यापक रुपमा भइरहेको छ।

# आँखा पाक्ने बिरामीको संख्यामा वृद्धि




**टुडे समाचारदाता**

गरुडा। रौतहटमा आँखा पाक्ने बिरामीको संख्या बढ्न थालेको छ । जिल्लाका अस्पतालहरुमा यतिखेर आँखा पाक्ने समस्या भएका बिरामीको संख्या ह्वातै बढेको देखिएको छ।

आँखा पाक्ने बिरामीहरुको संख्या बढेसंगै आँखा उपचारका लागि आउने बिरामीहरुको अस्पतालमा भीड लाग्ने गरेको बौधीमाइ नगरपालिका-७ बंकुलमा रहेको रौतहट दृष्टि आँखा अस्पताल एण्ड नर्सिङ्ग होमले जनाएको छ।

अत्यधिक गर्मीका कारण कन्जनटिभाइटिस भाइरसबाट लाग्ने आँखा पाक्ने उक्त सरूवा रोगका कारण रौतहट दृष्टि आँखा अस्पतालमा अहिले दैनिक एक सय भन्दा बढी आँखा पाक्ने समस्या भएका बिरामी उपचारका लागि आउने गरेको अस्पतालले जनाएको छ।

रोगका कारण आँखा पाकेर बढी मात्रामा बालबालिका नै अस्पताल आउने गरेको रौतहट दृष्टि आँखा अस्पताल बंकुलका नेत्र रोग विषेशज्ञ डाक्टर संजीव कुमार जयसवालले बताए।

आँखा पाक्दा आँखा रातो हुने, चिलाउने, आँखाबाट रगत मिसिएको आँसु आउने, ज्वरो आउने, घाँटी दुख्ने समस्या जस्ता लक्षणहरु देखा परेको डा.जयसवालले बताए। डाक्टर जयसवालले भने, 'आँखा पाक्ने रोग जुन सुकै उमेर समुहका व्यक्तिलाई लाग्न सक्छ, यो सरुवा रोग हो, यो प्राणघातक रोग होइन' । उनले अघि भने यसको उपचार सजिलै हुने गरेकोले यो रोग लाग्दैमा आतिनुहुँदैन, आँखा पाक्ने समस्या भएपछि नजिकको आँखा अस्पतालमा गएर उपचार गराए सजिलै निको हुने गरेको उनले बताए।

यो रोग लाग्नबाट बच्न आँखालाई पटक पटक चिसो पानीले धुने, घाममा ननिस्कन, अनावश्यक रुपमा भडिभाडमा नजान तथा जानै परे चस्माको प्रयोग गर्न र लक्षण देखिएमा तुरुन्त नजिकको अस्पतालमा गएर चेकजाँच गराउन चिकित्सकहरुको सुझाव छ।

# भवनको शिलान्यास



**राकेश यादव**

गौर । रौतहट जिल्लाको राजदेवी नगरपालिका - ५ मा निर्माण हुने १५ शैयाको आधारभूत अस्पतालको शिलान्यास गरिएको छ । संघीय सरकारको स्वास्थ्य मन्त्रालय तथा नगरपालिकाको संयुक्त लगानीमा निर्माण हुने अस्पताल भवनको नगर प्रमुख भिखारी प्रसाद यादवले बिहीबार एक कार्यक्रमबीच शिलान्यास गरेका छन् । १९ करोड़ ६५ लाखको लागतमा निर्माण हुने तीन तल्ले भवनको निर्माणको जिम्मा ड्रेगन कन्स्ट्रक्सन काभ्रेले लिएको प्रमुख प्रशासकीय अधिकृत प्रलाव कायस्थले जानकारी दिएका छन्।

भवन निर्माणको कार्य ०८२ साल असार मसान्तको समय अवधि तोकिएको छ । ८० प्रतिशत रकम संघीय सरकारको स्वास्थ्य मंत्रालय र २० प्रतिशत नगरपालिकाले बेहोर्ने छन्। सुविधा सम्पन्न १५ शैयाको आधारभूत अस्पतालको भवन निर्माण कार्य सम्पन्न भएपछि सञ्चालनमा आए स्थानीय वडा नम्बर २,३,४,५,६का स्थानीयहरुलाई औषधि उपचार गराउन सहज हुने छन्।

अस्पताल सञ्चालन भए बागमती पारी रहेका सर्लाहीको केही गाउँका स्थानीयहरु लाभ लिनसकिने छन्।

# ट्रान्सफर्मर जडान कार्यलाई तीव्रता

**ओम प्रकाश यादव**

गरुडा । नेपाल विद्युत् प्राधिकरण मौलापुर वितरण केन्द्रले आफ्ना ग्राहकलाई पर्याप्त मात्रामा विद्युत् आपूर्ति गराउने उद्देश्यका साथ आठ एमभिएको ट्रान्सफर्मर हटाएर १६ एमभिएको नयाँ ट्रान्सफर्मर जडान कार्यलाई तिव्रता दिएको छ।

अहिले मौलापुर वितरण केन्द्रसंग आठ एमभिएको एउटा मात्र ट्रान्सफर्मर रहेको छ। विद्युत उपभोग गर्ने ग्राहकको संख्या बढी रहेको र विद्युत आपूर्ति गर्ने ट्रान्सफर्मरको क्षमता कम रहेको कारण ग्राहकको माग अनुसार विद्युत उपलब्ध गराउन बढी क्षमताको ट्रान्सफर्मर जडान् गर्न लागिएको प्राधिकरणको कार्यालय मौलापुरले जनाएको छ।

आठ एमभिएको ट्रान्सफर्मरबाट ग्राहकलाई विद्युत् उपलब्ध गराउन निकै समस्या भइरहेकोले १६ एमभिएको नयाँ ट्रान्सफर्मर जडान गर्न लागेको मौलापुर वितरण केन्द्रका प्रमुख इन्जिनियर दिनेश राय यादवले बताएका छन्।

ग्राहकको मागअनुसार विद्युत उपलब्ध गराउन समस्या भइरहेका बेला नयाँ १६ एमभिएको ट्रान्सफर्मर जडान भएपछि अब पर्याप्त मात्रामा विद्युत् आपूर्ति हुने केन्द्रका प्रमुख यादवले बताए।

उक्त १६ एमभिएको ट्रान्सफर्मर जडान कार्य अन्तिम चरणमा रहेको र अबको तिन चार दिनभित्रमै सञ्चालनमा आउने बताउँदै कार्यालय प्रमुख यादवले १६ एमभिएको ट्रान्सफर्मर सञ्चालनमा आएपछि विद्युत कटौतिको समस्या सधैका लागि समाधान हुने बताए।

पछिल्लो केही दिनदेखि मौलापुर वितरण केन्द्र आसपासका क्षेत्रमा अनियमित रूपमा विद्युत कटौती हुन थालेपछि स्थानीयहरू आक्रोशित बन्दै आएका छन्।

अहिले सिचाईको समय भएकोले सिँचाइ गर्न किसानहरु विद्युत तारमा हुकिंग गरी जथाभावी रुपमा विद्युत मोटर चलाउने, अन्य विभिन्न कामका लागि विद्युत चारी गर्ने जस्ता काम गर्ने गरेकोले अत्याधिक लोड भइ विद्युत आफै जाने गरेको बताउँदै उनले कम क्षमताको ट्रान्सफर्मर भएको कारण अनियमित रुपमा विद्युत कटौती हुनु स्वभाविक भएको वितरण केन्द्रले जनाएको छ।

विद्युत कटौतीबाट आजित भइसकेका ग्राहकलाई विद्युत कटौतीको समस्या समाधान गर्न र सहज रुपमा विद्युत उपलब्ध गराउन आठ एमभिएको ट्रान्सफर्मर हटाएर १६ एमभिएको नयाँ ट्रान्सफर्मर जडान गर्न लागेको विद्युत प्राधिकरणको कार्यालय मौलापुरले जनाएको छ।

मौलापुर वितरण केन्द्रले मौलापुर, कटहरिया, देवाही गोनाही, फतुवा विजयपुर सहित पाँच वटा पालिकाको गरी २५ हजार ८५ जना उपभोक्तालाई विद्युत उपलब्ध गराउदै आएका छन्।

# राष्ट्रिय युवा विज्ञान सम्मेलन भदौ ३० मा

काठमाण्डु। नेपालमा रहेर विज्ञानका क्षेत्रमा काम गर्ने तथा विज्ञानमा लगाव राख्ने १३ देखि २५ वर्ष उमेर समूहका युवा तथा बालबालिकालाई लक्षित गरी आगामी भदौ ३० गते राष्ट्रिय युवा विज्ञान सम्मेलन आयोजना गरिने भएको छ।

कार्यक्रममा सहभागी हुन चाहनेलाई आवेदन दिन नेपाल एष्ट्रोनोमिकल सोसाइटीले सार्वजनिक आह्वान गरेको छ। सम्मेलनमा सहभागी हुन आवेदन दिने युवा तथा बालबालिकालाई कार्यक्रमअघि नै दूर शिक्षा विधिबाट वैज्ञानिक अनुसन्धान पत्रको अवधारणा लेखन तथा प्रस्तुतीकरणसम्बन्धी कार्यशालासमेत सञ्चालन गरिने सोसाइटीका अध्यक्ष सुरेश भट्टराईले राससलाई जानकारी दिनुभयो। यस वर्ष सम्मेलनको विषयवस्तु 'भविष्यका लागि सिकाइ' रहेको छ।रासस

# 'इनड्राइभर साइबेरियादेखि सिलिकन भ्यालीसम्म'

**टुडे समाचारदाता**

काठमाण्डु। ग्लोबल मोबिलिटी र अर्बन सर्भिस प्लेटफर्म इनड्राइभका संस्थापक ९फाउण्डर० तथा सिइओ आर्सेन टम्सकीले आफ्नो पुस्तक'इनड्राइभरः फ्रम साइबेरिया टु सिलिकन भ्याली'को अनुवादित संस्करण जारी गरेका छन्




यो पुस्तक अब अंग्रेजी, स्पेनिश, पोर्चुगिज भाषापछि नेपालीमा उपलब्ध भएको छ र नेपाली भाषामा यसको पहिलो संस्करण सार्वजनिक गरिएको छ। पत्रकार सम्मेलनमा पुस्तकको लोकार्पण गरिएको छ । लोकार्पण कार्यक्रममा बोल्दै इन्ड्राइभका संस्थापक तथा प्रमुख कार्यकारी अधिकृत आर्सेन टम्स्कीले भने, 'पाठकहरूसँग मेरो यात्रा अनुभव साझा गर्न पाउँदा म धेरै नै खुशी छु। इनड्राइभको जग र विकास मेरो लागि व्यावसायिक प्रयास मात्र होइन, एउटा गहिरो व्यक्तिगत र भावनात्मक यात्रा पनि छ।'

पुस्तकले आर्सेनको जिवन कथालाई अनावरण गरेको छ। साइबेरियामा जीवनको कठोर वास्तविकताहरू नेभिगेट गर्नेदेखि दृढ आत्मविश्वासका साथ प्राविधिक उद्यमशीलताको क्षेत्रहरूमा प्रवेश गर्ने विषयहरू समावेश छन्।

कथाले उतारचढाव, जोखिम र पुरस्कारका साथै आर्सेनको यात्रालाई आकार दिने निर्णायक क्षणहरूलाई कैद गरेको छ । प्रविधि आविष्कारको केन्द्रबिन्दु, अवसर दुर्लभ देखिने याकुतियामा भएको विनम सुरुवातदेखि सिलिकन भ्यालीसम्म आर्सेनको जीवन कथा एउटा लगनशीलता, सामूहिक भावनायुक्त नवप्रवर्तनको शक्तिको लागि प्रेरणादायी प्रमाण छ।

# उपप्रधानमन्त्री खड्काद्वारा स्वयम्भूस्थित बारुदखाना निरीक्षण

काठमाण्डु। उपप्रधानमन्त्री एवम् रक्षामन्त्री पूर्णबहादुर खड्काले आज स्वयम्भूस्थित बारुदखानाको स्थलगत निरीक्षण गर्नुभएको छ। नेपाली सेनाले सञ्चालन गरिरहेको ९७ वर्ष पुरानो बारुदखानाको स्थलगत निरीक्षण गर्दै उपप्रधानमन्त्री खड्काले नेपाली सेना र विकास निर्माणका लागि आवश्यक विस्फोटक पदार्थ नियमित आपुर्तिका लागि पहल गर्ने स्पष्ट पार्नुभयो।

करिब एक सय वर्षदेखि सैन्य सामग्री उत्पादन र अनुसन्धानमा संलग्न हुनुले नेपाली सेना र यसमा काम गर्ने जनशक्तिको गौरव बढेको भन्दै उहाँले सैनिक सामग्री निर्माण र अनुसन्धान गर्दा व्यक्तिगत सुरक्षालाई उच्च प्रथमिकता दिन आग्रह गर्नुभयो।

निरीक्षणका क्रममा उहाँले केही वर्षदेखि विकास निर्माणमा समेत प्रयोग हुने विस्फोटक पदार्थको उत्पादन कच्चा पदार्थको अभावमा रोकिएपनि त्यसलाई खुलाउन सरकारले चाँडै पहल गर्ने समेत जानकारी दिनुभयो । नेपाली सेनाका लागि हातहतियार तथा विस्फोटक पदार्थ उत्पादन गर्ने स्वयम्भू बारुदखानाको क्षमता बढाउन आवश्यक भएको भन्दै उहाँले नीतिगत निर्णयका लागि सरकार सधैं सकारात्मक रहेको स्पष्ट पार्नुभयो । सो अवसरमा उपप्रधामन्त्री खड्काले बारुदखानाको ल्याव तथा उत्पादनस्थल निरीक्षण गर्नुका साथै सम्बन्धित अधिकारीसँग जानकारी लिनुभएको थियो।रासस

## विमालेख हरायो

मेरो निम्न ब्यहोरा भएको सानिमा लाइफ इन्स्योरेन्सको विमा लेख मिति २०८०/३/२० गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ।

**नाम : रिना कुमारी**
**विमालेख नं.:२०३००००१०५**
**ठेगानाः लालबन्दी-०१, सर्लाही**
**मो.नं. ९८१५८१७४०९**

## तपाईंको आज

पण्डित : ब्रम जी

**मेष** : बौद्धिक क्षमता।
**बृष** : सुख समृद्धि हुने।
**मिथून** : शिक्षामा उन्नति।
**कर्कट** : प्रतिभा सम्पन्नता।
**सिंह** : अवसर प्राप्त।
**कन्या** : पुरस्कार प्राप्त लाभ।
**तुला** : प्रेम प्रसंग, मित्र सुख।
**वृश्चिक** : नयाँ कार्य हुने।
**धनु** : भ्रमण अवसर हुने।
**मकर** : पारिवाहिक सुख।
**कुम्भ** : धन बृद्धि सञ्चय।
**मीन** : वाद विवादबाट बच्नु।

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



महोत्तरी जिल्लाको मूल भन्सार नाका भिठ्ठामोडबाट भारतीय पक्षले नेपाली चारपाङ्गे बिहेको गाडीलाई पनि नेपालबाट भारत जानबाट रोक लगाएको अवस्था। उनीहरूले नेपाली गाडीलाई भारत जानका लागि ईजाजतपत्र माग गरिरहेका छन्। जुन ईजाजतपत्र भारतीय वाणिज्य दूतावास वीरगन्ज र काठमाडौँबाट मात्रै दिइन्छ। *तस्बिर : रासस*

# सहकारी पीडितको आन्दोलन स्थगन

काठमाण्डु । सरकार र सहकारीपीडितबीच सात बुँदे सम्झौता भएको छ । दुवै पक्षबीच भएको सम्झौताअनुसार सहकारी संस्थाका बचतकर्ता सदस्यले माइतीघरमण्डलामा जारी राखेको अनसन/धर्ना बिहीबारदेखि स्थगन गरेका छन् ।

सिंहदरबारमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री रञ्जिता श्रेष्ठ, सचिव गोकर्णमणि दुवाडी, सहकारी विभागका रजिष्ट्रार नवराज घिमिरे र पीडितबीच आज छलफल भएको थियो । छलफलबाट सहकारी संस्थाका बचतकर्ताको बचत फिर्तालाई सुरक्षा प्रदान गर्न तत्काल बचत तथा कर्जा सुरक्षण कोष स्थापनाका लागि मन्त्रालयले प्रक्रिया अगाडि बढाउने सहमति भएको सहकारी विभागका सूचना अधिकारी टोलराज उपाध्यायले जानकारी दिनुभयो ।



'सहकारी संस्थाबाट भएको कर्जा असुली प्रक्रियालाई छिटो-छरितो र प्रभावकारी बनाउन कर्जा सूचना केन्द्र र कर्जा असुली न्यायाधीकरणको स्थापना गर्न मन्त्रालयले तत्काल कार्य प्रक्रिया अगाडि बढाउने निर्णय भएको छ । सहकारी क्षेत्र सुधार सुझाव कार्यदलमा अनसन/धर्नामा रहेका सहकारी संस्थाका बचतकर्ताको समेत प्रतिनिधित्व गराउन धेरैमा तीन जनासम्म प्रतिनिधि आमन्त्रित सदस्यका रूपमा समावेश गर्ने सहमति भएको छ', उहाँले भन्नुभयो ।


यस्तै सहकारी क्षेत्रको सुधार गर्न विद्यमान कानुनी व्यवस्थाभित्र तत्काल सुधार गर्न सकिने र कानुन संशोधन गर्नुपर्ने भए त्यस्तो विषयमा समेत तत्काल मन्त्रालय, सहकारी विभाग र समस्याग्रस्त व्यवस्थापन समितिबाट आवश्यक गृहकार्य अघि बढाउने सहमति भएको छ ।

सहकारीपीडित बचतकर्ता माइतीघरमण्डलामा दुई महिनादेखि अनसन/धर्नामा बस्दै आएका थिए । सहमतिअनुसार ओरेन्टललगायत समस्याग्रस्त घोषित सहकारी संस्थाको तर्फबाट बचतकर्तालाई रकम फिर्ता गर्दा स्पष्ट कार्ययोजना बनाई कार्यान्वयन गर्न समस्याग्रस्त सहकारी व्यवस्थापन समितिसँग मन्त्रालयले समन्वय गर्ने निर्णय भएको छ । रासस

# हुन्डाईको नयाँ एक्सचेन्ज अफर

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालमा हुन्डाई गाडीहरूको आधिकारिक वितरक लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले ्हि्वल अफ चेन्ज् नामक एक्सचेञ्ज अफर सार्वजनिक गरेको छ । साउन १८ बाट सुरु भएको यस योजना हुन्डाई नेपाल अन्तर्गतको हुन्डाई प्रमिसको सहकार्यमा ५ प्रतिष्ठित कार




एक्सचेञ्ज विक्रेताहरूसँगको साझेदारीमा ल्याइएको हो ।

आफ्नो कुनै पनि ब्रान्डको गाडी ल्याएर हुन्डाईको उत्कृष्ट, गुणस्तरीय र विश्वसनिय इन्धनयुक्त वा विद्युतीय उत्पादनसँग एक्सचेञ्ज ९सटही० गर्न सकिने कम्पनीले जनाएको छ । हुन्डाईले आफ्ना ग्राहकहरूको आवश्यकता र सन्तुष्टिलाई ध्यानमा राख्दै ह्विल अफ चेन्ज योजना ल्याएको जनाएको छ। योजना अन्तर्गत काठमाडौं अटोमोबाइल सेन्टर, बाबा बसेरा अटो ग्रुप प्रालि, आर के अटो सेन्टर, श्रेया अटो इन्टरप्राइजेस र रेसिङ अटोमोबाइल इन्टरप्राइजे गरी ५ एक्सचेञ्ज पार्टनर्सहरूसँग सहकार्य गरिएको छ । यो योजना नेपालभर लागू हुने भएकोले उपत्यका बाहिरका ग्राहकहरू पनि सहभागी हुन सक्ने कम्पनीले जनाएको छ ।

अत्यधिक लाभ र विशेषता सहितको ह्विल अफ चेन्ज योजनामा ग्राहकहरूले हुन्डाईको विभिन्न उपलब्ध मोडलहरूमा पाँच लाखसम्मको नगद छुट, एक लाख ५० हजारसम्मको एक्सचेञ्ज बोनस र २५ हजारसम्मको एसेसरिज पनि प्राप्त गर्न सक्नेछन । एक्सचेञ्ज पार्टनर र हुन्डाई शोरुममा गएर हुन्डाई गाडीको टेष्ट ड्राइभ गरी आकर्षक उपहारहरू पनि जित्न सकिने कम्पनीद्वारा जारी प्रेश विज्ञप्तिमा उल्लेख छ। योजना स्थलमै तुरुन्तै पुरानो गाडीको मूल्यांकन गरी छिटो( छरितो माध्यमद्वारा यो एक्सचेञ्ज योजना सफल बनाउन हुन्डाई प्रतिबद्ध छ ।

ग्राहकले नेपाली बजारमा उपलब्ध हुन्डाईका कम्प्याक्ट एसयुभी, एसयुभी, इभी तथा ह्याचब्याग मध्येबाट आफ्नो रोजाई र आवश्यकता अनुसार छनौट गर्न सक्नेछन। सबै हुन्डाईका गाडीमा ३ वर्ष वारेन्टी र ६ वर्षको निःशुल्क सर्भिसिङ उपलब्ध गराइने कम्पनीको भनाइ छ ।

लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले नेपालभर १७ शोरुमहरू तथा १९ सर्भिस सेन्टर र ४३ चार्जिङ पोइन्टसहरू मार्फत ग्राहकहरूलाई सेवा प्रदान गरिरहेको छ। हुन्डाई मोटर कम्पनी विश्वकै ५ ठूला अटोमोबाइल उत्पादक मध्येमा पर्छ। यस कम्पनीका उत्कृष्ट उत्पादनहरूले विश्वभरी करोडौं ग्राहकहरूको विश्वास जित्न सफल रहेको कम्पनीको दाबी छ ।

# मधेश प्रदेशमा ५९ प्रतिशत मात्र धान रोपाइँ

धनुषा । साउनको दोस्रो सातासम्म मधेश प्रदेशमा जम्मा ५८ दशमलव ८१ प्रतिशत रोपाइँ भएको छ । मधेश प्रदेशस्थित कृषि निर्देशनालयका अनुसार देशकै कृषि क्षेत्रका रुपमा चिनिने मधेशप्रदेशभित्र धान दिवस अर्थात् असार १५ गतेसम्म ११ प्रतिशत मात्र धान रोपाइँ भएको थियो ।

समान्यतया रोपाइँ सम्पन्न भइसक्नुपर्ने समयमा आइपुग्दासमेत मधेशका आठ जिल्लामा समग्रमा लगभग ४१ प्रतिशत खेतमा रोपाइँ हुन नसकेको प्रदेश कृषि निर्देशनालयका निमित्त निर्देशक कमलदेव कुशवाहाले जानकारी दिनुभयो ।

देशको कूल ग्राहर्स्थ उत्पादनमा धानको उल्लेखनीय भूमिका रहेको छ । मधेश प्रदेशमा सबैभन्दा बढी धान नै उत्पादन हुँदै आएको थियो तर एक दशकयतादेखि उत्पादनमा कमी हुँदै आएको छ । भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको तथ्याङ्क अनुसार देशको कूल धान उत्पादनको २० देखि २५ प्रतिशत उत्पादन मात्रै यस प्रदेशमा हुने गरेको छ ।



प्रदेशका आठवटै जिल्लामा गरी कूल पाँच लाख ७४ हजार तीन सय ६० हेक्टर खेतीयोग्य जमिन रहेकामा चार लाख पाँच हजार चार सय ५० हेक्टर क्षेत्रफल धान रोपाइँयोग्य जग्गा रहेको छ । अहिलेसम्म मात्र दुई लाख ३८ हजार चार सय ४६ हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुन नसकेको प्रदेश कृषि निर्देशनालयका निमित्त निर्देशक कुशवाहाले जानकारी दिनुभयो ।

यसपाली धनुषासहित मधेश प्रदेशको जिल्लामा लामो समयदेखि वर्षा नै नभएका कारण सिँचाइका लागि निर्मित नहरमा पानी नै आएको छैन । भूमिगत सिँचाइको वैकल्पिक व्यवस्था गरिएको क्षेत्रमा जसोतसो धान रोपाइँ भए पनि नहरबाट सिँचाइ हुने क्षेत्र साउनको दोस्रो साता बिते पनि सुक्खा छ। यस प्रदेशमा साना तथा ठूला सिँचाइका स्रोतसमेतलाई आधार मान्ने हो भने तीन लाख ५७ हजार सात सय ९३ हेक्टर क्षेत्रफलमा मात्र सिँचाइको व्यवस्था रहेको कृषि निर्देशनालयले जनाएको छ । खडेरीले यसवर्ष मधेश प्रदेशमै धानखेती प्रभावित भएको छ । अधिकांश खेत सिँचाइको अभावमा बाँझै छ भने रोपाइँ भइसकेको खेत पनि सुकेर चिरा पर्न थालेको छ ।

बोरिङमा विद्युतीय मोटर जडान गरी रोपाइँ भएको खेतमा पनि पर्याप्त पानी नपुगेर बाली सप्रिन नसकेको धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-४ का किसान दिपो यादवले दुःखेसो गर्नुभयो । "पाँच बिघा धानखेती गर्ने तयारी थियो, दुई बिघामा मोटरले पानी लगाएर रोपाइँ त गरेँ, तर खेतमा पानी जमिरहन सक्ने अवस्था छैन, बाँकी दुई बिघामा कहिलेसम्म रोपाइँ गर्ने हो भन्ने ठेगानै छैन", धनुषाको धनुषाधाम नगरपालिकाका किसान फुलगेन महतोले भन्नुभयो ।

प्रदेश कृषि निर्देशनालयको तथ्याङ्कअनुसार मधेश प्रदेशमै सबैभन्दा बढी रोपाइँ सप्तरीमा भएको छ। सप्तरीमा ८४ प्रतिशत धान रोपाइँ सम्पन्न भइसकेको छ भने धनुषामा जम्मा २७ प्रतिशत रोपाइँ भएको कृषि निर्देशनालयका निमित्त निर्देशक कुशवाहाले जानकारी दिनुभयो ।

कुशवाहाका अनुसार बारामा ७५, रौतहटमा ७०, महोत्तरीमा ६० र पर्सामा ५५ प्रतिशत रोपाइँ सम्पन्न भएको छ । सर्लाही र सिरहामा ५० प्रतिशत रोपाइँ सम्पन्न भएको निर्देशनालयले जनाएको छ । धान उत्पादनको दृष्टिकोणले मधेशको सबैभन्दा बढी धान फल्ने जिल्लाको रुपमा धनुषा चिनिन्छ ।

प्रदेश कृषि निर्देशनालयको रेकर्ड अनुसार सबैभन्दा बढी धनुषा र सबैभन्दा कम रौतहटमा धान उत्पादन हुने गरेको छ । धनुषामा दुई लाख ५१ हजार एक सय ८६ मेट्रिक टन धान उत्पादन हुने अनुमान गरेको छ। रौतहटमा एक लाख ३४ हजार सात सय ६० मेट्रिक टन, बारामा दुई लाख ४८ हजार छ सय ६३ मेट्रिक टन, पर्सामा एक लाख ९१ हजार नौ सय २५ मेट्रिक टन, सप्तरीमा एक लाख ८३ हजार आठ सय ८८ मेट्रिक टन, सर्लाहीमा एक लाख ७३ हजार छ सय १८ मेट्रिक टन, सिरहामा एक लाख ७२ हजार एक सय ७६ मेट्रिक टन र महोत्तरीमा एक लाख ३८ हजार आठ सय २९ मेट्रिक टन धान उत्पादन हुने अनुमान निर्देशनालयको छ। रासस

# झापामा दुई सय ३८ जनामा डेङ्गु सङ्क्रमण

झापा । पछिल्ला दिन झापामा डेङ्गु सङ्क्रमणका बिरामीको सङ्ख्या वृद्धि भएको छ । यही साउनको दोस्रो सातासम्ममा जिल्लामा दुई सय ३८ जनामा डेङ्गु सङ्क्रमण पुष्टि भएको स्वास्थ्य मन्त्रालय कोशी प्रदेशका कार्यक्रम अधिकृत जीवन चम्लागाईंले बताउनुभयो ।



झापाका विभिन्न पालिका र अस्पतालमा आठ सय ३६ जनाको स्वास्थ्यपरीक्षण गर्दा सबैभन्दा धेरै कनकाई नगरपालिकामा डेङ्गु सङ्क्रमणका बिरामी फेला परेको बताइएको छ। डेङ्गु सङ्क्रमणका बिरामी दमक, शिवसताक्षी, गौरादह, भद्रपुर नगरपालिका र बाह्रदशी र गौरीगञ्ज गाउँपालिका बाहेक जिल्लाका अन्य सबै पालिकामा देखिएको मन्त्रालयका कार्यक्रम अधिकृत चम्लागाईंले बताउनुभयो ।

सन् २०१२ मा झापामा पहिलो पटक काँकरभिट्टामा डेङ्गु सङ्क्रमित फेला परेका थिए। जिल्ला स्वास्थ्य कार्यालय झापाका महामारीरोग फोकलपर्सन एवम् जनस्वास्थ्य निरीक्षक कुलबहादुर पौडेलका अनुसार सन् २०२२ मा कूल ५४ हजार सात सय ८४ डेङ्गू सङ्क्रमितमध्ये ८८ जनाको मृत्यु भएको थियो । मृत्यु हुनेमा ५३ प्रतिशत पुरुष र बाँकी ४७ प्रतिशत महिला छन् । रासस

# मन्त्रालयद्वारा आठ अस्पतालमा अनुगमन

काठमाण्डु । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले काठमाण्डु उपत्यकाभित्र रहेका विभिन्न आठ अस्पतलामा आज अनुगमन गरेको छ। मन्त्रालयले अनुगमन टोली बनाएर आज महाराजगञ्जस्थित कान्ति बाल अस्पताल, स्वयम्भूस्थित मनमोहन मेमोरियल अस्पताल, भक्तपुर अस्पताल (भक्तपुर), नागरिक कम्युनिटी अस्पताल (भक्तपुर), मेडिसिटी अस्पताल (भैंसेपाटी), अल्का अस्पताल (जावलाखेल), नेपाल मेडिकल कलेज (जोरपाटी) र शङ्खरापुर अस्पताल (जोरपाटी)मा अनुगमन गरेको हो।

स्वास्थ्यमन्त्री मोहनबहादुर बस्नेतसहितको टोलीले बिहीबार स्वयम्भूस्थित मनमोहन मेमोरियल अस्पतालमा अनुगमन गरेको थियो । सोही अवसरमा मन्त्री बस्नेतले त्यहाँस्थित पोस्ट अपरेटिभ वार्ड, शल्यचिकित्सा वार्ड, रक्तसञ्चार युनिट, मेडिकल वार्ड, नाक, कान, घाँटी वार्ड, मनोचिकित्सा वार्ड र प्रशासन विभागलगायत सबै ठाउँमा अनुगमन गर्नुभएको थियो ।

सो अवसरमा मन्त्री बस्नेतले न्यूनतम मापदण्डअनुसार अस्पताल भए/नभएको, बिरामीलाई उपचारका क्रममा छुटको व्यवस्था भए/नभएकोलगायतका विषयमा व्यवस्थापनसँग जानकारी लिनुभएको थियो ।

उहाँले अनुगमनका क्रममा सबै हिसाबले उत्कृष्ट देखिएको अस्पताललाई सरकारले सम्मान तथा पुरस्कारको व्यवस्था गरेको जानकारी दिनुभयो ।रासस

# प्रधानन्यायाधीशमा विश्वम्भरप्रसाद श्रेष्ठ सिफारिस



**टुडे समाचारदाता**

काठमाण्डु । सरकारले विश्वम्भरप्रसाद श्रेष्ठलाई सर्वोच्च अदालतको प्रधानन्यायाधीशमा सिफारिस गरेको छ। बिहीबार बसेको संवैधानिक परिषदको बैठकले श्रेष्ठलाई प्रधानन्यायाधीशमा सिफारिस गरेको राष्ट्रिय सभा अध्यक्ष गणेश तिमिल्सिनाले जानकारी दिए।

अहिले हरिकृष्ण कार्की प्रधानन्यायाधीश छन्। उनको साउन २० गते समयावधि सकिँदैछ। त्यसअघि नै परिषदको बैठकले श्रेष्ठलाई नियुक्तिका लागि सिफारिस गरेको हो। श्रेष्ठ ३१ औं प्रधानन्यायाधीश हुनेछन् ।

संसदीय सुनुवाइबाट अनुमोदन भए उनी राष्ट्रपतिबाट प्रधानन्यायाधीशमा नियुक्त हुनेछन् । प्रधानन्यायाधीश नियुक्त भए उनको कार्यकाल एक वर्ष २ महिनाको हुनेछ। उनले २०८१ साल असोजको २० गते ६५ वर्षे उमेरहदका कारण अवकास पाउने छन् ।

श्रेष्ठ २०१६ साल असोज २० गते सुदूरपश्चिमको डोटी जिल्ला सदरमुकाम सिलगढीमा जन्मेका थिए । स्थायी घर धनगढी भएका श्रेष्ठ न्यायसेवा प्रवेश गरेको ४२ वर्ष भयो । २०३८ सालमा शाखा अधिकृतबाट न्यायसेवा प्रवेश गरेका श्रेष्ठ २०४५ सालमा जिल्ला न्यायाधीश बनेका थिए। जिल्ला न्यायाधीश भएको १७ वर्षपछि २०६२ सालमा उनी तत्कालीन पुनरावेदन अदालतको न्यायाधीश भएका थिए।

२०७० सालमा पुनरावेदन अदालतको कायममुकायम मुख्य न्यायाधीश भए। एक वर्षपछि मुख्य न्यायाधीश भए। मुख्य न्यायाधीशको रूपमा काम गरेको झण्डै २ वर्षपछि उनी सर्वोच्च अदालतमा नियुक्त भएका हुन् ।


सर्वोच्च अदालतमा आएपछि गरेका थुप्रै फैसलामध्ये एनसेलको कर विवाद र केपी ओलीले गरेको पहिलो संविधानसभा विघटनबारे गरेको फैसला चर्चित छन् ।

# व्यवसायी रुङ्गटा पुर्पक्षका लागि थुनामा, बेहोसपछि अस्पताल भर्ना

चितवन । व्यवसायी शङ्कर कँडेल आत्महत्या दुरुत्साहन मुद्दाका फरार प्रतिवादी प्रदीपकुमार रुङ्गटालाई जिल्ला अदालत चितवनले पुर्पक्षका लागि थुनामा राख्न आदेश दिएको छ । यससँगै रुङ्गटा अदालत परिसरमै बेहोस भएपछि अस्पताल लगिएको छ । उनलाई उपचारका लागि भरतपुर अस्पताल लगिएको छ। घटनाको तीन महिनापछि आज रुङ्गटा चितवन जिल्ला अदालतमा आफैं हाजिर भएका थिए।

अदालतका स्रेस्तेदार ईश्वर आचार्यले सो मुद्दामा रुङ्गटालाई पुर्पक्षका लागि थुनामा पठाइएको जानकारी दिनुभयो । जिल्ला न्यायाधीश डिल्लीराम शर्मा अर्यालको इजलासले उक्त आदेश गरेको हो । व्यवसायी कँडेलले वैशाख १९ गते अनमोल फिल्डको कार्यालय वेलचोकमा झुण्डिएर आत्महत्या गरेका थिए । उनको मृत्युपछि परिवारले रुङ्गटा र जीवन रावल विरुद्ध किटानी जाहेरी दिएको थियो । रावललाई प्रहरी वैशाख २२ गते पक्राउ गरी चितवन ल्याएको थियो। उनी उच्च अदालतको आदेशबाट धरौटीमा रिहा भएका छन् । कँडेलको मृत्युपछि रुङ्गटा फरार रहँदै आएका थिए ।

कँडेलले आफूले नेतृत्व गर्दै आएको अनमोल फिड्सको ८५ प्रतिशत शेयर रुङ्गटालाई बिक्री गरेपछि सो समूहले मानसिक तनाव दिएकै कारण आत्महत्या गर्नुपरेको 'सुसाइड नोट'मा उल्लेख गरेका थिए ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# आँखा अस्पतालमा अनियमितता

नेपाल रेडक्रस सोसाइटीद्वारा सञ्चालित जनकपुरधामको जानकी आँखा अस्पतालमा आर्थिक अनियमितता हुने गरेको तथ्य बाहिरिएको छ। जानकी आँखा अस्पतालमा हुने खरिद प्रीक्रया पारदर्शी नरहेको र आर्थिक नियम, विनियमहरु मिचेर आर्थिक गतिविधि भइरहेको देखिएको छ। आँखा अस्पतालको आफ्नो आयस्रोतको रुपमा भारी संख्यामा बिरामीको आँखा जाँच, आँखाको अप्रेशन, चश्मा बिक्री, औषधि बिक्रीलगायत रहेका छन्। तर त्यतिले मात्र अस्पताल व्यवस्थित रुपमा सञ्चालन हुनसक्ने अवस्था नहोला ? नेपाल रेडक्रस सोसाइटी लगायतका आँखा सम्बन्धी क्षेत्रमा कार्यरत विभिन्न विदेशी दातृ निकाय र मनकारी व्यक्तिहरुले उपकरणलगायतका अनेक सहयोग गर्दै आएका छन्। त्यो पनि आँखा अस्पतालका लागि ठूलो आयस्रोत रहेको छ। जानकी आँखा अस्पतालमा चश्माको सिसा घस्ने उपकरण खरिदमा भारी अनियमितता भएको छ। कागजमा मात्र उपकरण खरिद गरिएको छ। सामानको बिल आइसके पनि सामान भने स्टोरमा दाखिला भएको देखिदैन्। अस्पतालका प्रशासक आशीष बोहराले सामान प्राप्ति नभए पनि भुक्तानीका लागि लेखा प्रशासनलाई दबाब दिन थालेका छन्। अस्पतालमा बिल मात्र आएको देखिन्छ। सामान स्टोरमा दाखिला नभइ भुक्तानीका लागि सिफारिस गर्न नसक्ने कर्मचारीले बताएपछि बोहराले जागिरबाट हटाइदिने धम्की दिएका छन्। दश लाखमा साढे २ हजार रुपैयाँ मात्र कमको सामान खरिद गरिएको बिल प्राप्त भएको छ। तर त्यसका लागि सार्वजनिक सूचना गरी कोटेशनसमेत माग गरिएको छैन् । सामान खरिद नै नगरी बिल मात्र ल्याएर बोहरालगायतका केही कर्मचारीहरु मिलेमतो गरी रकम कुमल्याउन खोजेका छन्। अस्पतालमा नेपालको धनुषा र महोत्तरीबाट बढी आँखाका रोगीहरु उपचारका लागि आउने गरेका छन्। तर त्यो भन्दा धेरै बढी बिरामी सीमावर्ती भारतबाट आउने गरेका छन्। सीमावर्ती भारतीय क्षेत्रमा नेपालको आँखा सम्बन्धी उपचार अत्यन्त विश्वासिलो, सस्तो र सुलभ रहेको विश्वास गरिन्छ। अन्य रोगको उपचारका लागि नेपालीहरु सीमावर्ती जिल्लाका प्रमुख अस्पतालहरुमा जाने गरे पनि भारतबाट भारी संख्यामा आँखा रोगीहरु भने नेपालमा आउने गरेका छन्। उनीहरुबाट पनि अस्पताल सञ्चालनमा ठूलो योगदान भइरहेको छ। नेपालको आँखा अस्पतालहरुमा अत्यन्त गुणस्तरीय र महँगा विदेशी उपकरणहरु रहेका छन्। चिकित्सकहरु पनि दक्ष र अनुभवी रहेका छन्। आँखाका चिकित्सक डा.रुइतले अन्तर्राष्ट्रिय स्तरमा नै ख्याति कमाएका छन्। भारतमा पनि डा.रुइतलाई उच्च सम्मान भारत सरकारले प्रदान गरेको छ।त्यसले पनि नेपालको आँखा उपचार क्षेत्रमा विश्वसनीयता आर्जन गरेको छ। जानकी आँखा अस्पतालमा भइरहेको आर्थिक अनियमितताले विदेशी दातृ निकायहरुबाट प्राप्त गर्ने सहयोग बन्द हुन सक्छ। अस्पतालका सञ्चालक समितिले आर्थिक अनियमिततालाई रोक्न ठोस कदम चाल्नुपर्छ। आँखा अस्पताल जनकपुरधामको सेवाका साथै व्यवसायिक रुपमा पनि महत्वपूर्ण योगदान दिइरहेको छ। अस्पतालमा भएको अनियमितताको स्वतन्त्र छानबिन गर्नु आवश्यक छ।

# जनसङ्ख्या र वातावरण बीचमा सन्तुलन नहुँदा



डा. रामसागर पंडित

सामान्यतथा एउटा निश्चित भूभागमा बसोवास गर्ने मानिसहरूका सम्पूर्ण सङ्ख्यालाई जनसङ्ख्या मानिन्छ। सबै देशका लागि जनसङ्ख्या अपरिहार्य छ। कुनै पनि मुलुकमा जनसङ्ख्या भएन भने प्राकृतिक स्रोत र साधनहरूको समुचित उपयोग हुन सक्दैन। अर्कोतिर मुलुकले धान्न नसक्ने खालको जनसङ्ख्या भएमा यसले मुलुकलाई बढी शोषण गर्न थाल्छ। त्यसैले जनसङ्ख्या नियन्त्रित/उपयुक्त आकारको भएमा नागरिकहरूको जीवन गुणस्तरीय हुन जान्छ।

हाम्रा चारैतिर देखिने सम्पूर्ण कुराहरूको समष्टिगत रूपलाई वातावरण भनिन्छ। यसलाई अर्को रूपमा लिँदा पृथ्वीमा विद्यमान सम्पूर्ण भू-जल र वायुमण्डलका सम्पूर्ण भौतिक, रासायनिक, जैविक र अजैविक तत्वहरूका समष्टि रूप नैं वातावरण हो। मानिस वातावरणको एउटा अंग मात्र छ। मानिस अन्य जीवजन्तुभन्दा विकसित जीवको नाताले प्राकृतिक स्रोतसाधनमाथि बढी कब्जा गरेको छ। वातावरण माथिको प्रभावलाई हरहमेशा ध्यानमा राखेर वातावरणीय स्रोतसाधनको प्रयोग गर्दै गयौं भने मानिस र वातावरण बीचको मित्रता भंग हुँदैन। यदि हामी वातावरणलाई ख्याल नगरेर जथाभावी प्रयोग गर्दै गयौं भने वातावरणले हामीसँग रहेको मित्रता भंग गरी हामीलाई हानी नोक्सानी गर्न पछि पर्दैन। हामी कहिले पनि भुल्नु हुँदैन कि हामी वातावरणभन्दा शक्तिशाली छौं।

वातावरण विग्रिन्छ वा सुध्रिन्छ यसको असर मानिस मात्र थाहा पाउन सक्छ। वातावरण सन्तुलित हुनका लागि प्राकृतिक स्रोत र साधनहरूको समुचित रूपले उपयुक्त मात्रामा उपयोग हुनु अति आवश्यक हुन्छ। प्रारम्भमा पृथ्वीमा बस्ती पातलो थियो र प्राकृतिक स्रोत र साधनहरूको अनियन्त्रित उपभोग भएको थिएन तर औद्योगिक विकास र जनसङ्ख्या तीव्र बृद्धिले गर्दा प्राकृतिक स्रोत र साधनहरूमा बढी असर पर्न थाल्यो, जसले गर्दा मानवहरूमाथि अनेकौं नकारात्मक असर पर्न थाले। अहिले विश्वकै वातावरणीय अवस्था कमजोर हुँदै गएको देखिन्छ। यसरी दिनप्रतिदिन वातावरणीय ह्रासले गर्दा मानिसहरू छट्पटाउन थालेका छन्।

वातावरण र जैविक प्राणीहरूबीच घनिष्ट सम्बन्ध छ। कतिपय वातावरणविद्हरूले वातावरण र मानिसलाई 'एउटै सिक्काका दुई पाटा' वा 'एउटै रथका दुई पाङ्ग्रा' मानेका छन् किनभने एउटाको अभावमा अर्कोको अस्तित्व रहँदैन। जीवित प्राणीबिना वातावरण र वातावरणविना जीवित प्राणीहरूको कुनै अस्तित्व रहँदैन। आधुनिकीकरण, औद्योगिकीकरण, सामाजिक, सांस्कृतिक क्रियाकलापहरूका सञ्चालनले गर्दा वातावरणमा असर पर्न गएको पाइन्छ।

जनसङ्ख्या र वातावरणीय स्रोतहरू बीचमा ऋृणात्मक सम्बन्ध छ। जनसङ्ख्या बढ्दै गयो भने स्रोतसाधनहरू घट्दै जान्छ भने जनसङ्ख्या घट्दै गयो भने स्रोतसाधनमा बृद्धि हुन जान्छ। यसलाई नियन्त्रण गर्नु आवश्यक छ। विश्वका सबै जीवजन्तु मध्ये मानिस सबैभन्दा विवेकशील प्राणी रहेको हुनाले यसको जिम्मेवारी पनि बढी छ। यसलाई सन्तुलनमा राख्नु भन्दा अझ असन्तुलन बनाउन नै उद्दत छन्। विश्वमा देखिएका हातहतियारको होडवाजीले गर्दा विश्वका वातावरणीय अवस्था नै आक्रान्त देखिन्छ। विश्वका शक्तिशाली राष्ट्रहरू आफ्ना शक्ति प्रदर्शनमा स्थल, जल, आकास, जलवायु लगायत सबै क्षेत्रलाई आक्रान्त पारेका छन्। भोलि यदि पृथ्वी नै घायल भयो भने मानिसको जीवन कहाँ जान्छ, विचारणीय कुरो रहेछ।

पृथ्वी सन्तुलनमा बाँचेको छ। यदि हामी पृथ्वीको वर्तमान स्वरूपलाई हेर्दा ज्ञात हुन्छ कि पृथ्वीको धरातलमाथि पर्वत, पठार, मैदान, झील, सागर, महासागर एवं द्वीप आदि अनेक भू-रूप विद्यमान छन्। यी सबै भू-रूप भिन्न भिन्न भएपनि यी सबै आकृतिहरू कुनै न कुनै व्यवस्था अनुसार सन्तुलित छन्। जुन नियम अनुसार यी सबै भू-रूप स्थिर छन्। यसैलाई भू-सन्तुलन नामले जान्न थालियो। पृथ्वीको धरातलमाथि जहाँ कहीं पनि सन्तुलन विद्यमान छ। यसमा पर्वत कम घनत्व भएको पदार्थबाट निर्मित छ भने समुद्रको घनत्व बढी हुन्छ। त्यसैले दुबै ठाउँको बीचमा सन्तुलनता देखिन्छ। यिनीहरूका बीचमा जब कुनै प्रकारको असन्तुलता हुन आउँछ भने विभिन्न किसिमका प्राकृतिक प्रकोपहरू जस्ता घटनाहरू छर्लग देखिन आउँछन्। उदाहरणको रूपमा भुँइचालो, भूस्खलन, भूक्षय, सुनामी, बढी, जस्ता घटनाहरूलाई लिन सकिन्छ।

यसै सम्बन्धमा यहाँ जंगल सन्तुलनताको एउटा उदाहरण प्रस्तुत गरिन्छ। जंगललाई प्रकृतिले स्वयं नियन्त्रण गरेर सन्तुलनमा राखेको हुन्छ। जंगलमा विभिन्न किसिमका जीवजन्तु, वनस्पति, चराचुरूँगी जस्ता जन्तुहरू एकअर्कामाथि निर्भर हुन्छन्। बाघको संख्या बढ्दा हरिण जस्ता जनावरहरूका सङ्ख्या घट्न थाल्छ। तब ठीक उल्टो प्रक्रिया शुरू हुन्छ। हरिण जस्ता जनावर सङ्ख्या कम हुँदा वाघलाई खानाको अभाव हुन थाल्छ अनि वाघको संख्या घट्न थाल्छ। यसरी जंगलमा जीवजन्तुहरूका बीचमा यस्ता घट्ने/बढ्ने प्रक्रिया निरन्तर रूपमा संचालित रहन्छ। त्यहाँ प्रवृतिले स्वतः सन्तुलनमा ल्याउँछ।

यस्तै प्रक्रिया वातावरणमा जीवन बिताइ रहेका जीवजन्तुसँग पनि हुन्छ। मानिसको सङ्ख्या बढ्दा प्राकृतिक स्रोतसाधनमा कमी शुरू हुन्छ। मानिसले प्राकृतिक नियमलाई तोडेर अगाडी बढ्न खोज्छ। तर प्रकृतिको सामुने कसैको केही चल्दैन। मानिसले भौतिक रूपमा धेरै विकास गरिरहेछ भने सोचले खुशी भएपनि विकासको साथसाथै विनास पनि लखेटिरहेको हुन्छ। अहिले पृथ्वीको भार बहन गर्न सक्ने जनसङ्ख्याभन्दा बढी जनसङ्ख्या भएका छन्। यसै कारणले मौसममा परिवर्तन देखिन्छ भने वर्षामा अल्पबृष्टि/अतिवृष्टि जस्ता घटनाहरू ठाढै देख्न पाइन्छ। अहिले नेपाल मात्र होइन विश्वका तमाम देशहरू चाहे विकसित देशहरू हुन् वा अल्पविकसित देशहरू प्राकृतिक घटनाहरूबाट कोही छुटेका छैनन्।

जनसङ्ख्या बृद्धिकै कारणले जंगल फडानी, कृषि खेतीको विस्तार, नदीनाला कृत्रिम रूपले नियन्त्रण, वर्षाको अभाव, सुखा, पैरो, भू-क्षय, महामारी रोगहरू जस्ता कुराहरू अहिले जहाँ तहीँ हेर्न पाइन्छ। विश्वका ठूल्ठूला जंगलहरू आगोको चपेटामा परेर जलीरहेका छन्। जंगल जीवजन्तु सखाप भइरहेका छन्। जलमंडल पनि मान्छेले उत्पादन गरेको फोहर मैलाबाट प्रदुषित बन्दै गएका छन्।

आजभन्दा ५०-६० वर्ष अघि विश्वको जनसङ्ख्या त्यति धेरै थिएन। पृथ्वीले भार सहन गर्न सक्ने जति जनसङ्ख्या भएकोले प्राकृतिक स्रोत साधनसँग सन्तुलित अवस्था थियो। अहिले विश्वको जनसङ्ख्या आठ अर्बभन्दा बढी नै देखिएकाले विश्वमा रहेका प्राकृतिक सम्पदाहरू अतिक्रमित अवस्थामा आइसकेका छन्। वन्यजन्तु तथा वनस्पति मध्ये कतिपय लोप भैसकेका छन्। कतिपय लोप अवस्थामा पुगेका छन्। यसरी जंगल विनाशले गर्दा पानीको अवस्था निकै कमजोर देखिन्छ। हरिया पहाडहरू अहिले उजाड अवस्थामा आइसकेका छन्। डाँडाहरू नाङ्गो देखिन्छ। वर्षायाममा मात्र होइन, सुख्खा समयमा पनि भूस्खलन निरन्तर भैरहेको हेर्न पाइन्छ।

नेपालको सन्दर्भमा कुरागर्दा अझ यसको हालत बेहाल देखिन्छ। नेपाल विश्वमा जनतको देश रहेपनि अहिले चारैतिर चिन्तै चिन्ताले भरिएका देश बनेको छ। तराई, पहाड र हिमालले सुसज्जित यस देशको जलवायु निकै मनोरम थियो। तर अहिले तीव्र जनसंङ्ख्या बृद्धि तथा राम्रो व्यवस्थापनको अभावले गर्दा देश दिनप्रतिदिन दयनीय अवस्थामा झर्दै गएको छ। देश चलाउनेहरू आफ्नै स्वार्थ पूरा गर्न लिप्त छन्। एक समय तराईमा भएको उर्बर भूमिले दिएको अन्न पानीले हामी आफ्ना छाक पूरा गरी निर्यात पनि गर्थ्यौं। अहिले न त्यो तराई छ, न त्यो पहाड। पहाडका सुन्दर वन र डाँडाहरू नाङ्गो भएको कारणले दिनप्रतिदिन पहाड र हिमाल पनि प्राकृतिक स्रोत साधनको कमीले गर्दा जनता त्राहिमाम् त्राहिमाम् गर्दै आफ्ना जिन्दगी बिताउन बाध्य छन्।

जनसङ्ख्यालाई व्यवस्थापन नगर्दा पहाड र हिमाल खाली हुँदै तराईको उर्बर भूमिलाई आवास क्षेत्रमा परिवर्तन गरिरहेका छन्। केहिवर्ष अघिको भनाइ 'हरियो वन नेपालको धन' कहाँ गयो ? अहिले हामी विदेशबाट काठहरू आयात गरिरहेका छौं। नदी/नालाको त्यस्तै हाल छ। पानीको मुहान सुक्दै गइरहेको देखिन्छ। भोलि विद्युत उत्पादन कसरी गर्ने ? वर्तमान समयमा विजुली विचेर हामी घाटा पूर्ति गर्छौं भने सोचमा छौं। पानीको अभावले विद्युत उत्पादनको अवस्था ठीक रहन्छ की रहँदैन के ठेगान ?

सम्पूर्ण गाउँबाट मानिसहरू विस्तारै शहरतिर बसाइँसराइ गरिरहेका छन्। गाउँदेखि सहरसम्मका युवाहरू विदेश पलायन गरिरहेका छन्। देश युवाविहीन बन्दै गएको छ। गाउँदेखि सहरसम्म महिला, बृद्धबृद्धा तथा बालबालिकाहरू मात्र बाँकी छन्। सहरको विस्तारीकरणले गर्दा सहर प्रदूषित हुँदै गएका छन्। उब्जिने जग्गाहरू विस्तारै आवास क्षेत्रमा परिणत हुँदै गएको छ। काठमाण्डुलाई मात्र एउटा उदाहरणको रूपमा हेर्दा के काठमाण्डु उपत्यकाले काठमाण्डुका जनसङ्ख्यालाई कसरी पाल्न सक्छ त ? विदेशको पैसाले अन्न वस्त्र, आवश्यक सरसमान त किन सकिएला तर पृथ्वीको सन्तुलन कसरी कायम राख्न सकिएला ? भोलि काठमाण्डूले भार बहन गर्न नसकेर सन्तुलन बनाउन भूइँचालो, भूस्खलन, भूक्षय, महामारी, प्रदूषित नदी, खाने पानी जस्ता कुरालाई कसरी नियन्त्रण गर्न सकिएलान। हुनत हाम्रो देश यस्तै भूकम्पीय क्षेत्रभित्र परेकै छ। हामीले जनसङ्ख्या नियन्त्रण गरेर वातावरणसँग सन्तुलन कायम गरेर अगाडि नबढ्दासम्म यस्ता प्राकृतिक घट्नाहरूको सामना निरन्तर गर्नुपर्ने हुन्छ। यस्ता दुर्दशालाई हटाउने वा नियन्त्रण गर्ने एउटै उपाय छ जनसङ्ख्या र प्राकृतिक स्रोतसाधन बीचको सन्तुलनता। यसका लागि एउटा काठमाण्डु एउटा उदाहरण मात्र हो। यस्ता नेपालमा अनेकौं नगरहरू छन जो यस्ता समस्यासँग जुधिराखेका छन्।

निष्कर्षमा आउँदा नेपाललाई जोगाउने सबभन्दा उत्तम उपाय जनसङ्ख्या र वातावरण बीचमा सन्तुलन हुनुपर्छ। यसलाई रोक्न बसाइँसराइलाई नियन्त्रण गर्नु पर्छ। चाहे आन्तरिक होस् वा बाह्य बसाईसराइ किन नहोस् ! दुबैलाई जनसङ्ख्या तथा वातावरणविज्ञका अनुसार नियन्त्रण नगरी हामी नेपाललाई जोगाउन सक्दैनौं। तराईलाई जोगाउन चुरिया क्षेत्रलाई सुरक्षित गर्नु पर्ने हुन्छ। पहाड र हिमाललाई जोगाउन पर्यटकहरूलाई व्यवस्थित गर्नु पर्छ।

वनजंगलको क्षेत्रलाई विस्तारित रूपमा अगाडि बढाउनु पर्नेहुन्छ। कुन ठाउँमा कति जनसङ्ख्या उयुपक्त हुनेछ त्यतिलाई बसोवासको अनुमति दिनुपर्छ। अहिलेको जथाभावी आवास निर्माणलाई रोक्नै पर्ने हुन्छ। खेतीयोग्य जग्गालाई सुरक्षित गर्नै पर्दछ। पहाडमा फलफूल उत्पादन हुने जग्गालाई सुरक्षित गर्नै पर्दछ। हिमालमा चरणक्षेत्रलाई जोगाउनै पर्दछ। भेडाबाखा, चौडीगाई जस्ता पशुहरूका जीवनलाई सुरक्षित गर्नै पर्दछ। यदि यस्ता कुरामा समयभित्रै ध्यान गएन भने भोलिको अवस्था अझ बिग्रनबाट कसैले रोक्न सक्दैन। अस्तु।

विश्वमा देखिएका हातहतियारको होडवाजीले गर्दा विश्वका वातावरणीय अवस्था नै आक्रान्त देखिन्छ। विश्वका शक्तिशाली राष्ट्रहरू आफ्ना शक्ति प्रदर्शनमा स्थल, जल, आकास, जलवायु लगायत सबै क्षेत्रलाई आक्रान्त पारेका छन्। भोलि यदि पृथ्वी नै घायल भयो भने मानिसको जीवन कहाँ जान्छ, विचारणीय कुरो रहेछ। पृथ्वी सन्तुलनमा बाँचेको छ। यदि हामी पृथ्वीको वर्तमान स्वरूपलाई हेर्दा ज्ञात हुन्छ कि पृथ्वीको धरातलमाथि पर्वत, पठार, मैदान, झील, सागर, महासागर एवं द्वीप आदि अनेक भू-रूप विद्यमान छन्। यी सबै भू-रूप भिन्न भिन्न भएपनि यी सबै आकृतिहरू कुनै न कुनै व्यवस्था अनुसार सन्तुलित छन्।

# सूचना प्रविधि क्षेत्रमा नयाँ पुस्ताको रहरलाग्दो आकर्षण



नरेन्द्र केसी

नेपालमा परम्परागतरूपमा अर्थतन्त्रका पाँच आधार भनेर कृषि, जलस्रोत, पर्यटन, उद्योग र जनशक्तिलाई लिने गरिन्थ्यो। तर पछिल्लो एउटा नयाँ क्षेत्र थपिएको छ- सूचना तथा सञ्चार प्रविधि। केही दिनअघिमात्रै इन्स्टिच्युट फर इन्टिग्रेटेड डेभलपमेन्ट स्टडिज (आइआइडिएस)ले सार्वजनिक गरेको एक प्रतिवेदनको नतिजाले यो तथ्य अझ बलशालीरूपमा पुष्टि भएको छ। सो प्रतिवेदनअनुसार नेपालमै बसेर विदेशीलाई सूचना प्रविधि सेवा निर्यात गरिरहेका करिब साढे ६६ हजार आइटी जनशक्तिमार्फत वार्षिक ६७ अर्ब रुपैयाँभन्दा बढी आम्दानी भइरहेको छ।

नेपालमा आइटी क्षेत्रले वार्षिक ६७ अर्ब ४६ करोड ५० लाख रुपैयाँ (५१५ मिलियन डलर) आम्दानी गरिरहेको उल्लेख गर्दै प्रतिवेदनमा सन् २०२२ मा सूचना प्रविधि सेवा निर्यातबाट देशको कुल गार्हस्थ उत्पादनमा १.४ र वैदेशिक लगानी सञ्चितिमा ५.५ प्रतिशत योगदान पुगेको देखिएको छ। आइटी सेवा निर्यातबाट भएको आम्दानी अघिल्लो वर्षको तुलनामा सन् २०२२ मा ६४.२ प्रतिशतले वृद्धि भएको, एक सय छ वटा कम्पनीमार्फत र फ्रिलान्सर गरी ६६ हजार पाँच सय नौ जनाले आइटीसम्बन्धी काम गरिरहेको जुन तथ्य सार्वजनिक भएको छ, यो नेपालको सूचना प्रविधिमा भएको निकै महत्वपूर्ण प्रगतिको सूचक हो। धेरै कोणहरूबाट यो सूचक महत्वपूर्ण छ। पहिलो कुरा त अब नेपालमा सूचना तथा सञ्चार प्रविधि अर्थतन्त्रको महत्वपूर्ण आधार हो भन्ने तथ्य स्थापित भएको छ। हिजो सूचना तथा सञ्चार प्रविधिलाई विलासिता वा मनोरञ्जनको साधन मात्रै मान्ने अवस्था थियो। अब आवश्यकताका आधारमा सूचना प्रविधि मानव जीवनका लागि नभई नहुने साधन बनेको छ भने आयआर्जनका हिसाबले पनि अर्थतन्त्रको महत्वपूर्ण आधारको रूपमा स्थापित हुँदै गएको पुष्टि भएको छ।

दोस्रो, नेपालबाट बर्षेनी ठूलो सङ्ख्यामा बौद्धिक पलायन भइरहेको छ। कक्षा १२ उत्तीर्ण गरेपछि उच्च शिक्षामा नाममा ठूलो सङ्ख्यामा युवा विदेशिएका मात्र छैनन्, उनीहरूसँगै ठूलो परिमाणमा पूँजी पनि बाहिरिएको छ। यसले नेपाली समाजमा आर्थिक, सामाजिक र मनोवैज्ञानिक समस्या सिर्जना गरिरहेको छ। आर्थिकरूपमा वैदेशिक अध्ययनका नाममा ठूलो रकम बाहिरिएको छ भने सामाजिक रूपमा परिवारहरू विखण्डित हुन थालेका छन्। यसबाट समाजमा मनोवैज्ञानिकरूपमा पनि ठूलो असर पारेको छ।

सन्तानलाई जति मायाँ गरेर हुर्काए पनि, लेखाए पढाए पनि अन्ततः बिदेश नै जाने हुन् भन्ने मानसिकताले धेरैको दिमागमा घर गर्न थालेको छ। यो बेलामा देशभित्रै बसेर पनि उच्चस्तरको आयआर्जन गर्न सकिन्छ भन्ने तथ्य सूचना तथा सञ्चार प्रविधिको क्षेबाट पुष्टि हुनुले नयाँ पुस्तालाई देशपभित्रै बसेर भविष्य खोज्ने बाटो देखाउने छ। यो आर्थिक, सामाजिक र मनोवैज्ञानिक हिसाबले महत्वपूर्ण सन्देश हो।

तेस्रो, युवाहरूमाथि पनि ठूलो प्रश्न छ। युवाहरू गतिहीन भए, काम गर्दैनन्, सिर्जनशील छैनन् भन्ने जस्ता जुन आरोप लाग्ने गरेको छ। नेपालबाट सूचना प्रविधिको सेवा निर्यात गर्ने जनशक्तिमध्ये ८३.५ प्रतिशत २० देखि २९ वर्ष उमेर समूहका युवाहरू सक्रिय रहेको तथ्यले युवाहरूमाथि लाग्ने आरोप खण्डित गरेको छ। साँच्चीकै भन्दा अहिले सूचना प्रविधि सेवा निर्यातबाट जुन वैदेशिक डलर भित्रिएको तथ्य सार्वजनिक भएको छ, यसको ठूलो श्रेय नेपालका सिर्जनशील युवाहरूलाई जान्छ, जसले सूचना प्रविधिमा आफ्नो भविष्य देखेर जीवन समर्पित गरेका छन्। विश्व बजारमा आफ्नो सीप र दक्षता बिक्री गरेर जुन नतिजा प्राप्त गर्न सफल भएका छन्, यसबाट बहुआयामिक सन्देश प्रवाह भएको छ।

चौथो, नेपालले अहिले ठूलो व्यापार घाटा व्यहोरिरहेको छ। निर्यातभन्दा आयात दशौं गुणा बढी हुने अवस्थाका कारण देशको अर्थतन्त्र निकै कमजोर साबित हुँदै गएको छ। अहिलेसम्म वैदेशिक रोजगारीमा गएका नेपालीहरूले पठाएको विप्रेषण र केही हदसम्म पर्यटकबाट भित्रने वैदेशिक रकमले वैदेशिक डलर सञ्चितिमा योगदान गरिरहेको अवस्था थियो। योसँगसँगै अब वस्तु बेचेर मात्रै वा श्रमिक बाहिर पठाएर मात्रै होइन, देशभित्रै बसेर सेवा निर्यात गरेर पनि आयआर्जन गर्दा यसले परोक्षरूपमा व्यापार घाटा कम गर्न र बैदेशिक डरको सञ्चिति बढाउन सहयोग गर्नेछ।

**सरकारको भूमिका र भूमिका**

पछिल्लो समय सरकारले सूचना तथा सञ्चार प्रविधिको विकासलाई निकै महत्व दिएको छ। रेखा शर्माले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको जिम्मा सम्हालिसकेपछि सञ्चार प्रविधिको विकासलाई निकै प्राथमिक एजेण्डाको रूपमा स्थापित गर्ने प्रयास गरिरहनुभएको छ। उहाँले मन्त्रीको पदभार ग्रहण गर्दा देशभरिका राजमार्गमा सहज दूरसञ्चार सेवा पुऱ्याउने गरी 'हाइवे कनेक्टिभिटी'को नारा अघि सार्नुभयो भने त्यसपछि झण्डै छ महिनाको अवधिमा दर्जनौं बैठक सम्बद्ध निकायहरूको औपचारिक अनौपचारिक बैठक बोलाएर त्यसको कार्यान्वयनलाई नजिकबाट नियालिरहनुभएको छ। परिणामस्वरुप दूरसञ्चार क्षेत्रमा सुधारका सङ्केत देखा पर्न थालेका छन्।

मन्त्री शर्माले पदभार ग्रहण गर्दैगर्दा सरकारी सर्भरमा अवरोध सिर्जना भएको घटनाप्रति गम्भीर बन्दै सूचना प्रविधि क्षेत्रका विज्ञहरूको उच्चस्तरीय समिति बनाएर अध्ययन प्रतिवेदन ग्रहण गरी कार्यान्वयनमा समेत लैजानुभएको छ। महत्वपूर्ण सवाल छ यो छ कि 'आधुनिक जीवनको आधार : सूचना, प्रविधि र सञ्चार' भन्ने मूल नाराका साथ नेपाल सरकारले सूचना तथा सञ्चार प्रविधि क्षेत्रको विकासलाई प्राथमिकता एजेण्डामा राखेको छ। सरकारको कूल पूँजीगत बजेटको न्यूनतम एक प्रतिशत रकम अनुसन्धान, नवप्रवर्तन र आविष्कारमा खर्च गर्ने नीति लिएको छ। नवप्रवर्तन र उद्यमशीलता विकास गर्न स्टार्टअप इको सिष्टम विकास गर्ने, उद्यमशील सोचलाई व्यवसायमा रुपान्तरण गर्न इन्क्युवेशन सेन्टर सञ्चालन गर्ने, नयाँ कम्पनी दर्ता गर्दा र कम्पनीको पूँजी वृद्धि निःशुल्क गर्ने, अनलाइनबाट नै कम्पनी दर्ता र खारेजी गर्ने, लगानीकर्ताका लागि आवश्यक सबै सूचना उपलब्ध हुने गरी राष्ट्रिय पोर्टल तयार गर्ने, सूचना प्रविधि र नवप्रवर्तनमा आधारित उद्योगका लागि लचिलो श्रम नीति अवलम्बन गर्नेलगायतका व्यवस्था यो वर्षदेखि सुरु गरिएको छ।

त्यसैगरी सूचना प्रविधिको उद्योगमा वैदेशिक लगानीको सीमा यसै वर्षदेखि हटाइएको छ। सूचना प्रविधि सेवा निर्यात गर्ने उद्देश्यले सञ्चालित उद्योगलाई तेस्रो मुलुकमा सम्पर्क कार्यालय स्थापना गर्न र सफ्टवेयर वा प्रोग्राम खरिद तथा उपकरण जडान गर्ने उद्योगले गरेको विदेशी मुद्रा आर्जनको १० प्रतिशतसम्म बिदेशी मुद्रा सटही सुविधा उपलब्ध गराउने चालु आर्थिक वर्षको बजेटमार्फत घोषणा भइसकेको छ।

सरकारले चालु आर्थिक वर्षमा सूचना प्रविधिमा विजनेश प्रोसेस आउट सोर्सिङ, सफ्टवेयर प्रोग्रामिङ, क्लाउड कम्प्युटिङ जस्ता सेवा निर्यात गरी विदेशी मुद्रा आर्जन गर्ने व्यक्तिलाई बिदेशी मुद्रामा प्राप्त गरेको आयमा लाग्ने करमा पचास प्रतिशत छूट दिने व्यवस्था मिलाएको छ। यसले देशभित्रै बसेर विभिन्न देशको काम गरी सेवा निर्यातमार्फत विदेशी मुद्रा आर्जन गर्ने सूचना प्रविधि क्षेत्रका जनशक्तिलाई प्रोत्साहित गर्ने छ। त्यसो हुन सके डिजिटल अर्थतन्त्र निर्माणमा महत्वपूर्ण योगदान पुग्ने छ। सन् २०२२ मा सूचना प्रविधि सेवा निर्यातबाट देशको कुल गार्हस्थ्य उत्पादनमा १.४ र वैदेशिक लगानी सञ्चितिमा ५.५ प्रतिशत योगदान पुगेको जुन तथ्य बाहिर आएको छ। सन् २०२३ र त्यसपछि क्रमशः यसमा उल्लेख्य बृद्धि हुने निश्चित छ किनकी अब सूचना तथा सञ्चार प्रविधि राज्यको प्राथमिकता एजेण्डा बनेको छ।

अझै पनि नेपालमा सूचना तथा सञ्चार प्रविधिको विकासका लागि थुप्रै चुनौतीहरू छन्। सूचना प्रविधि क्षेत्रको विकासका लागि प्रतिष्पर्धी क्षमता विकास, व्यावसायिकता वृद्धि, उच्च गतिको भरपर्दो इन्टरनेट सेवा, सूचना प्रविधि पूर्वाधार, आवश्यक नीति र कानुन, सरोकारवालाहरूबीचको समन्वय र सहकार्य आदि चुनौती विद्यमान छन्। यी चुनौती क्रमशः न्यून हुँदै जाने छन् किनकी यसमा राज्यको गहिरो ध्यान गएको छ।

विश्व बजारमा जुन क्षेत्रमा जनशक्ति माग भइरहेको छ, त्यसको अध्ययन गरी नेपालभित्रै सहज पठनपाठनका लागि पनि सरकारले पहल गरिहेको छ। सूचना प्रविधिमा स्नातक गरेका विद्यार्थीहरूलाई सेवा प्रवेशका लागि सहयोग पुग्ने गरी निश्चित अवधि तोकेर तालिम प्रशिक्षणको व्यवस्था गर्ने गरी तयारी थालिएको छ भने सूचना प्रविधिको क्षेत्रमा छोटा व्यावसायिक तालिमको गृहकार्य भइरहेको छ। सरकारले डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयनका लागि योजनाबद्ध पहल सुरु गरेको छ। यस क्षेत्रमा दक्ष जनशक्तिको आकर्षण बढाउनका साथै उपलब्ध जनशक्तिको क्षमता अभिवृद्धि गर्न सूचना प्रविधि विषयमा स्नातकोत्तर, एमफिल र विद्यावारिधि गर्ने विद्यार्थीलाई विश्वविद्यालय अनुदान आयोगको सहकार्यमा छात्रवृत्ति प्रदान गर्ने र सार्वजनिक सेवा क्षेत्रमा कार्यरत दक्ष जनशक्तिलाई प्रोत्साहन गर्ने कार्यक्रम यसै आर्थिक वर्षदेखि सुरु गरिएको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको अगुवाइमा सूचना प्रविधिको अध्ययन अनुसन्धानमा लागेका संस्था र व्यक्तिलाई आविष्कार र नवप्रवर्तनमा थप आकर्षित गर्ने गरी देशभरिबाट हजारौं प्रतिभाहरू सहभागी हुने गरी राष्ट्रियस्तरको प्रतिष्पर्धा गराउने डिजिटल च्याम्पियन, आइटी एक्जिविसन, व्यावसायिक तालिमलगायतका नयाँ कार्यक्रम अघि सारिएको छ। सूचना प्रविधिको क्षेत्रमा आवश्यक नीति र कानुन निर्माणलाई सरकारले प्राथमिकतामा राखेको छ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री शर्माले सार्वजनिक आव्हान गरेजस्तै 'अब नेपालबाट श्रमिक होइन, सेवा निर्यात गर्ने' लक्ष्यलाई राष्ट्रिय महत्वको लक्ष्यको रूपमा अघि बढाउन आवश्यक छ। सरकारको सहजीकरण र यस क्षेत्रमा संलग्न संस्था, विज्ञ तथा सूचना प्रविधिकर्मीहरूको समन्वयात्मक पहलकदमीद्वारा सूचना प्रविधिको क्षेत्रबाट देशको समृद्धिको आधार निर्माण गर्ने वातावरण सिर्जना गर्न ढिलाई गर्नु हुँदैन। सूचना तथा सञ्चार प्रवधि क्षेत्रमा देखिएको नयाँ पुस्ताको रहरलाग्दो आकर्षण र उत्साह राष्ट्र निर्माण र समृद्धिको गतिलो आधार बन्नसक्छ भन्ने तथ्य सबै पक्षले आत्मसात गर्नु आवश्यक छ।

(लेखक सञ्चार तथा सूचना प्रविधिमन्त्रीका सञ्चार विज्ञ हुनुहन्छ।)

# विश्व वातावरण सुविधावापत रु २० करोड २२ लाख अनुदान स्वीकार गर्ने सरकारको निर्णय



काठमाण्डु । नेपाल सरकारले दिगो भू-व्यवस्थापनमार्फत लखनदेही नदी बेसिनका जलाधार पुनरुत्थान र जीविकोपार्जनमा सुधार परियोजनाका लागि विश्व वातावरण सुविधावापत प्राप्त हुने रु २० करोड २२ लाख बराबरको अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ।

मन्त्रिपरिषद्को यही साउन १६ गतेको बैठकले अर्थ मन्त्रालयको प्रस्तावमा उक्त परियोजनाका लागि १५ लाख ५५ हजार पाँच सय पाँच अमेरिकी डलर अनुदान स्वीकार गर्ने निर्णय गरेको हो।

उक्त बैठकका निर्णय सार्वजनिक गर्न बिहीबार सिंहदरबारमा आयोजित पत्रकार सम्मेलनमा सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता रेखा शर्माले पूर्वसचिव शङ्करप्रसाद अधिकारीको संयोजकत्वमा गठित संस्थान सुझाव समितिको अवधि दुई महिना थप निर्णय भएको जानकारी दिनुभयो।

साथै खाद्य तथा पोषण सुधार कार्यक्रम दोस्रोका लागि विश्व बैंकबाट २० मिलियन अमेरिकी डलर ९करिब रु दुई अर्ब ६२ अर्ब बराबर० को अनुदान सहायता प्राप्त गर्नेसम्बन्धी दस्तावेजलाई अन्तिम रुप दिन नेपाल सरकारका तर्फबाट अर्थ मन्त्रालयका सहसचिवको संयोजकत्वमा वार्ता टोली गठन गर्ने निर्णय गरेको जानकारी दिनुभयो।

यस्तै 'स्टेन्थेनिङपब्लिक फाइनान्सियल म्यानेजमेन्ट एण्ड डेभलप्ड सर्भिस डेलिभरी' कार्यक्रम, उपकार्यक्रम एकका लागि एशियाली विकास बैंकबाट एक सय मिलियन अमेरिकी डलर ९रु १३ अर्ब १३ करोड बराबर० को बजेटरी सहायताका रुपमा सहुलियतपूर्ण ऋण सहायता प्राप्त गर्नेसम्बन्धी दस्तावेजलाई अन्तिम रुप दिने विषयमा नेपाल सरकारकोतर्फबाट अर्थ मन्त्रालयका सहसचिवको संयोजकत्वमा वार्ता टोली गठन गर्ने निर्णय भएको छ।

'निक साइमन्स इन्स्टिच्युट'ले विश्वस्वास्थ्य सङ्गठनबाट प्राप्त गर्ने पुरस्कार अमेरिकी डरल २० हजारमा असुल गर्नुपर्ने आकस्मिक लाभ कर आर्थिक ऐन, २०८० को दफा १८ को उपदफा ९१०० बमोजिम छुट दिने बैठकले निर्णय गरेको छ। मन्त्री शर्माअनुसार बैठकले बीउबिजन समितिको सदस्यमा बिजन उद्यमी, उत्पादक र कृषकहरु अग्निप्रसाद अर्याल, शारदा निरौला, रामजीप्रसाद सापकोटा र प्रेमाकुमारी अधिकारीलाई नियुक्त गर्ने निर्णय भएको छ।

यस्तै नागढुङ्गा सुरुङमार्ग निर्माण आयोजनाको पश्चिम खण्डको पहिरो रोकथाम गर्न बनाइने पक्की संरचनाका लागि धादिङको साविक नौबिसे गाविस-४ को चार सय २१ दशमलव ९६ वर्गमिटर जग्गा प्राप्ति गर्न स्वीकृति गर्ने र कमला-ढल्केबर-पथलैया सडकखण्ड स्तरोन्नतिका लागि सडक सीमाभित्र पर्ने घर टहरालगायतका संरचना प्राप्त गरी क्षतिपूर्ति दिई हटाउन स्वीकृति दिने निर्णय भएको छ।

बैठकले काठमाडौँ तराई मधेस द्रुतमार्ग सडक आयोजनाअन्तर्गत ललितपुरको खोकना इलाकाको जग्गा प्राप्तिसम्बन्धी समस्या समाधान गर्न मन्त्रिपरिषद्को गत वैशाख ५ गते उपप्रधानमन्त्री एवं रक्षामन्त्रीको संयोजकत्वको समितिको अवधि तीन महिना थप गर्ने निर्णय गरेको छ। नेपाल विद्युत प्राधिकरणलाई मातातीर्थ-माल्टा ३३ केभी प्रसारणलाइन आयोजनाको टावरप्याड र राइट अफ वे निर्माणका लागि काठमाडौँ, ललितपुर र मवानपुरमा रहेको राष्ट्रिय वन र वन क्षेत्रको कूल २४ दशमलव ६७ हेक्टर जग्गा २० वर्षसम्म प्रयोग गर्न दिने पनि निर्णय भएको छ।

यस्तै चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष नियुक्तिका लागि नाम सिफारिस गर्ने र समितिको सदस्य पदमा नेपाली सेना स्वास्थ्य विज्ञान संस्थानका प्रा डा लोचना श्रेष्ठलाई तोक्ने निर्णय बैठकले गरेको छ। साथै बैठकले जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन राष्ट्रिय कार्यान्वयन योजना स्कीकृत गर्ने, विज्ञापन ९नियमन गर्ने० पहिलो संशोधन नियमावली, २०८० स्वीकृत गर्ने निर्णय भएको छ। बैठकले विद्यालय शिक्षासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक सङ्घीय संसद्मा पेस गर्न स्वीकृति दिनुका साथै श्रम ९पहिलो संशोधन० नियमावली, २०८० स्वीकृत गरेको छ। रासस

## सुन तस्करी छानबिन गर्न उच्चस्तरीय समिति आवश्यक छैन : मन्त्री शर्मा

काठमाण्डु । सरकारले सुन तस्करीमाथिको छानबिन भइरहेकाले लागि सोका लागि उच्चस्तरीय समिति आवश्यक नरहेको स्पष्ट पारेको छ। मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्न सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा बिहीबार आयोजित पत्रकार सम्मेलनमा सञ्चारमन्त्री रेखा शर्माले सो सम्बन्धमा राजस्व अनुसन्धान विभागबाट छानबिन भइरहेकाले उच्चस्तरीय समिति आवश्यक नभएको स्पष्ट पार्नुभयो।

"त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अवैधरुपमा ल्याइएको करिब एक सय केजी सुन पक्राउ गरिएको विषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय मातहतको राजस्व अनुसन्धान विभागबाट प्रभावकारी छानबिन भइरहेकाले उच्चस्तरीय समिति आवश्यक छैन", सञ्चारकर्मीको जिज्ञाशामा उहाँले भन्नुभयो। वर्तमान सरकार अनियमिता, भ्रष्टाचार, बेथिती, तस्करी नियन्त्रणका दृढतापूर्वक अगाडि बढिरहेको उल्लेख गर्दै सरकारका प्रवक्ता समेत रहनुभएका मन्त्री शर्माले विभागले गरेको अनुसन्धानमा आशङ्का नगर्न आग्रह गर्नुभयो।

"अहिले विभागबाट प्रभावकारी छानबिन भइरहेको छ। सरकार यस घटनाको 'रुट कज'मा पुग्न लागिरहेको छ। सो विषयमा उच्चस्तरीय छानबिनको आवश्यकता सरकारले देखेको छैन", विगतमा पनि सुन तस्करीको अनुसन्धान गर्न समिति गठन नबनेको दृष्टान्त प्रस्तुत गर्दै मन्त्री शर्माले भन्नुभयो।

उहाँले विभागले गरिरहेको अनुन्धानलाई निष्कर्षमा पुग्न दिन आग्रह गर्नुभयो। "विभागले गरेको छानबिनमा विश्वास गरौँ। यदि छानबिनमा गडबढ हुने थियो भने सुन पक्राउ पर्ने नै थिएन", उहाँले भन्नुभयो, "अनुसन्धानका क्रममा केही व्यक्ति पक्राउ परिसकेका छन् र अनुसन्धान जारी छ। छानबिनकै क्रममा पछि आवश्यकता परेमा त्यस्ता समिति गठन गर्न पनि सकिन्छ तर अहिले आवश्यक छैन र त्यसरी समिति बनाउँदा अहिले भइरहेको छानबिन प्रभावित हुन पनि सक्छ।"

सोही प्रकरणलाई लिएर प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)ले उच्चस्तरीय छानबिन समितिको माग गर्दै सङ्घीय संसद्मा गरिरहेको अवरोध हटाउने विषयमा समेत कुराकानी भइरहेको उल्लेख गर्दै उहाँले छिट्टै सदनमा देखिएको अवरोध हट्नेमा विश्वास व्यक्त गर्नुभयो। विभागले यही साउन ३ गते विमानस्थल भन्सारबाट बाहिरिएको अवस्थामा झण्डै एक सय किलो सुन बरामद गरेको थियो। विभागले सो प्रकरणमा संलग्न भएको आशङ्कामा १८ जनालाई पक्राउ गरी अनुसन्धान गरिरहेको छ। रासस

## मातृ मृत्यु घटाउन सबैका सहयोग आवश्यक छ : मुख्य सचिव

काठमाण्डु। मुख्य सचिव डा वैकुण्ठ अर्यालले मातृ मृत्यु घटाउन स्वास्थ्य क्षेत्रको पहलले मात्र नभएर सबैको सहयोग आवश्यक रहेको बताउनुभएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले 'नेपालमा मातृ मृत्युदरको अवस्था र सरोकारवालाको भूमिका विषय उच्चस्तरीय नीति संवाद'मा उहाँले सबैको सहयोगले मातृ मृत्यु घटाउन सकिने बताउनुभयो। हाँले विगतको तुलनामा मातृ मृत्युदर निकै राम्रो उपलब्धि हासिल भएको भए पनि सन् २०३० सम्म प्रतिलाख ७० जनामा पुऱ्याउन क्षेत्रगतरुपमा विशेष पहल गर्नुपर्ने, स्थानीय तहको क्षमता अभिवृद्धि तथा सहयोग गरिनुपर्ने बताउनुभयो। मुख्यसचिव अर्यालले मातृ मृत्यु दर घटाउन स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। मन्त्रालयले तयार परेको मातृ मृत्यु अध्ययनको मुख्य सार समेटिएको राष्ट्रिय तथा प्रादेशिक तथ्यगत सारको पनि उहाँले सार्वजनिक गर्नुभयो।

**स्थानीय सरकारलाई आवश्यकताका आधारमा निर्दिष्ट सहयोग गर्नुपर्ने, वर्गीकृत तथ्याङ्कलाई सर्वसुलभ उपलब्ध गराइनुपर्ने, सबै तहमा सरोकारवालाबीच समन्वय गरिनुपर्नेजस्तामा विषयमा उहाँहरूले जोड दिइयो।**

कार्यक्रममा मन्त्रालयका सचिव डा रोशन पोखरेलले मातृ मृत्यु घटाउन मन्त्रालयको प्रयास रहने भन्दै सम्बन्धित निकायसँग समन्वय र गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा थप प्रयत्नशील रहने प्रतिबद्धता व्यक्त गर्नुभयो। मन्त्रालयका अतिरिक्त सचिव डा सङ्गीता कौशल मिश्राले मातृ मृत्यु अध्ययनको औचित्य, उद्देश्य, विधि तथा अध्ययनको मुख्य नतिजामाथि प्रकाश पार्नुभयो। जसमा नेपालको मातृ मृत्युदर सन् २०२१ मा प्रतिलाख एक सय ५१ जनामा रहेको र दिगो विकास लक्ष्य प्राप्त गर्न सन् २०३० मा प्रतिलाख ७० जनामा झार्नुपर्ने छ। स्वास्थ्य सेवा विभागका महानिर्देशक डा दीपेन्द्ररमण सिंहले मातृ मृत्युदर मन्त्रालयले गुणस्तरीय स्वास्थ्यमा ध्यान दिएको बताउनुभयो। कार्यक्रममा सहभागीले सरकारको १६औँ आवधिक योजना तर्जुमा गर्दामातृमृत्युका बृहत् निर्धारकलाई उचित सम्बोधन गर्ने गरी रणनीति तथा कार्यक्रम निर्माण गर्नुपर्ने, राष्ट्रपति महिला उत्थान कार्यक्रमअन्तर्गत हवाई एम्बुलेन्स कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लगिनुपर्ने, दक्ष जनशक्तिको उचित र शीघ्र व्यवस्थापन गरिनुपर्ने, सेवाको गुणस्तरमा थप पहल गरिनुपर्ने, विकासका सबै पहलमा स्वास्थ्यलाई केन्द्रविन्दुमा राखिनुपर्ने धारणा राख्नुभएको मन्त्रालयका सहप्रवक्ता डा समिर कुमार अधिकारीले जानकारी दिनुभयो।

उहाँका अनुसार स्थानीय सरकारलाई आवश्यकताका आधारमा निर्दिष्ट सहयोग गर्नुपर्ने, वर्गीकृत तथ्याङ्कलाई सर्वसुलभ उपलब्ध गराइनुपर्ने, सबै तहमा सरोकारवालाबीच समन्वय गरिनुपर्नेजस्तामा विषयमा उहाँहरूले जोड दिनुभयो। कार्यक्रममा विकास साझेदार निकायका प्रतिनिधिले सरकारले स्वास्थ्य क्षेत्र र विशेष गरी मातृमृत्यु घटाउन गरेका पहलको प्रशंसा गर्दै आगामी दिनमा पनि सहयोग निरन्तर गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

कार्यक्रममा राष्ट्रिय तथ्याङ्क कार्यालय, राष्ट्रिय योजना आयोग, प्रादेशिक स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयका सचिव, विभिन्न मन्त्रालयका उच्च अधिकारीको सहभागी रहेको मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले जानकारी दिनुभयो। रासस

## अनुदान स्वीकार गर्ने सरकारको निर्णय

काठमाण्डु। नेपाल सरकारले दिगो भू-व्यवस्थापनमार्फत लखनदेही नदी बेसिनका जलाधार पुनरुत्थान र जीविकोपार्जनमा सुधार परियोजनाका लागि विश्व वातावरण सुविधावापत प्राप्त हुने रु २० करोड २२ लाख बराबरको अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ।

मन्त्रिपरिषद्को यही साउन १६ गतेको बैठकले अर्थ मन्त्रालयको प्रस्तावमा उक्त परियोजनाका लागि १५ लाख ५५ हजार पाँच सय पाँच अमेरिकी डलर अनुदान स्वीकार गर्ने निर्णय गरेको हो। उक्त बैठकका निर्णय सार्वजनिक गर्न बिहीबार सिंहदरबारमा आयोजित पत्रकार सम्मेलनमा सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता रेखा शर्माले पूर्वसचिव शङ्करप्रसाद अधिकारीको संयोजकत्वमा गठित संस्थान सुझाव समितिको अवधि दुई महिना थप निर्णय भएको जानकारी दिनुभयो।

**मन्त्रिपरिषद्को यही साउन १६ गतेको बैठकले अर्थ मन्त्रालयको प्रस्तावमा उक्त परियोजनाका लागि १५ लाख ५५ हजार पाँच सय पाँच अमेरिकी डलर अनुदान स्वीकार गर्ने निर्णय गरेको हो।**

साथै खाद्य तथा पोषण सुधार कार्यक्रम दोस्रोका लागि विश्व बैंकबाट २० मिलियन अमेरिकी डलर (करिब रु दुई अर्ब ६२ अर्ब बराबर) को अनुदान सहायता प्राप्त गर्नेसम्बन्धी दस्तावेजलाई अन्तिम रुप दिन नेपाल सरकारका तर्फबाट अर्थ मन्त्रालयका सहसचिवको संयोजकत्वमा वार्ता टोली गठन गर्ने निर्णय गरेको जानकारी दिनुभयो।

यस्तै 'स्टेन्थेनिङ पब्लिक फाइनान्सियल म्यानेजमेन्ट एण्ड डेभलप्ड सर्भिस डेलिभरी' कार्यक्रम, उपकार्यक्रम एकका लागि एशियाली विकास बैंकबाट एक सय मिलियन अमेरिकी डलर (रु १३ अर्ब १३ करोड बराबर) को बजेटरी सहायताका रुपमा सहुलियतपूर्ण ऋण सहायता प्राप्त गर्नेसम्बन्धी दस्तावेजलाई अन्तिम रुप दिने विषयमा नेपाल सरकारकोतर्फबाट अर्थ मन्त्रालयका सहसचिवको संयोजकत्वमा वार्ता टोली गठन गर्ने निर्णय भएको छ।

'निक साइमन्स इन्स्टिच्युट'ले विश्वस्वास्थ्य सङ्गठनबाट प्राप्त गर्ने पुरस्कार अमेरिकी डरल २० हजारमा असुल गर्नुपर्ने आकस्मिक लाभ कर आर्थिक ऐन, २०८० को दफा १८ को उपदफा (१०) बमोजिम छुट दिने बैठकले निर्णय गरेको छ।

मन्त्री शर्माअनुसार बैठकले बीउबिजन समितिको सदस्यमा बिजन उद्यमी, उत्पादक र कृषकहरु अग्निप्रसाद अर्याल, शारदा निरौला, रामजीप्रसाद सापकोटा र प्रेमाकुमारी अधिकारीलाई नियुक्त गर्ने निर्णय भएको छ।

यस्तै नागढुङ्गा सुरुङमार्ग निर्माण आयोजनाको पश्चिम खण्डको पहिरो रोकथाम गर्न बनाइने पक्की संरचनाका लागि धादिङको साविक नौबिसे गाविस-४ को चार सय २१ दशमलव ९६ वर्गमिटर जग्गा प्राप्ति गर्न स्वीकृति गर्ने र कमला-ढल्केबर-पथलैया सडकखण्ड स्तरोन्नतिका लागि सडक सीमाभित्र पर्ने घर टहरालगायतका संरचना प्राप्त गरी क्षतिपूर्ति दिई हटाउन स्वीकृति दिने निर्णय भएको छ।

बैठकले काठमाडौँ तराई मधेशद्रुतमार्गसडकआयोजनाअन्तर्गत ललितपुरको खोकना इलाकाको जग्गा प्राप्तिसम्बन्धी समस्या समाधान गर्न मन्त्रिपरिषद्को गत वैशाख ५ गते उपप्रधानमन्त्री एवं रक्षामन्त्रीको संयोजकत्वको समितिको अवधि तीन महिना थप गर्ने निर्णय गरेको छ।

नेपाल विद्युत् प्राधिकरणलाई मातातीर्थ-माल्टा ३३ केभी प्रसारणलाइन आयोजनाको टावरप्याड र राइट अफ वे निर्माणका लागि काठमाडौँ, ललितपुर र मवानपुरमा रहेको राष्ट्रिय वन र वन क्षेत्रको कूल २४ दशमलव ६७ हेक्टर जग्गा २० वर्षसम्म प्रयोग गर्न दिने पनि निर्णय भएको छ।

यस्तै चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष नियुक्तिका लागि नाम सिफारिस गर्ने र समितिको सदस्य पदमा नेपाली सेना स्वास्थ्य विज्ञान संस्थानका प्रा डा लोचना श्रेष्ठलाई तोक्ने निर्णय बैठकले गरेको छ। साथै बैठकले जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन राष्ट्रिय कार्यान्वयन योजना स्कीकृत गर्ने, विज्ञापन (नियमन गर्ने) पहिलो संशोधन नियमावली, २०८० स्वीकृत गर्ने निर्णय भएको छ।रासस

## राप्रपामा नेता बन्न खुल्ला आवेदन माग

काठमाण्डु। राष्ट्रिय प्रजातन्त्र पार्टीले ४० वर्षमुनिका क्षमतावान युवालाई नेतृत्व तहमा लैजाने भएको हुन्छ।

नवीन राप्रपा अवधारणाअन्तर्गत पार्टीलाई युवामैत्री बनाउन २० केन्द्रीय सदस्य पदका लागि देशभरबाट खुल्ला आवेदन माग गरिएको छ। त्यसरी सदस्य बन्न चाहने उम्मेदवारले आफ्नो व्यक्तिगत विवरण तथा कार्ययोजना आगामी भदौ पहिलो सातासम्म केन्द्रमा पठाउनुपर्ने छ।

कार्ययोजनादिएकाउम्मेदवारमध्येबाट भूगोल, जनसङ्ख्या, पार्टीको प्रभाव क्षेत्र विस्तारको सम्भावना र नेतृत्व विकासका सम्भावनाको आधारमा न्यूनतम ५० प्रतिशत महिलासहित २० जनालाई केन्द्रीय सदस्यमा मनोनयन गरिने केन्द्रीय सदस्य सरस्वती अधिकारीले जानकारी दिनुभयो। पार्टीमा रहेका तथा पार्टी बाहिर रहेका नेपाली नागरिकले प्रतिस्पर्धाबाट छनोट भएपछि पार्टीको नीति, सिद्धान्त, एजेण्डा र उद्देश्यप्रति प्रतिबद्ध रही सक्रिय राजनीति गर्नुपर्ने व्यवस्था गरिएको छ।

सूचना प्रविधि र सामाजिक सञ्जाल परिचालनमा दक्ष, बहुभाषाको ज्ञान भएको, प्रत्यक्ष निर्वाचनमा पार्टीको उम्मेदवार बन्न सक्ने क्षमतावान उम्मेदवारलाई उनीहरूको कार्ययोजनाका आधारमा छनोट गरिने जनाइएको छ। कार्ययोजना पठाउन पार्टीको इमेल ठेगानामा करिब एक महिनाको अवधिमा निर्धारण गरिएको छ। रासस

## विधेयकमा हाम्रा माग समेटिनुपर्छ : शिक्षक महासङ्घ

काठमाण्डु। नेपाल शिक्षक महासङ्घले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग विगतमा भएका सहमतिका विषय 'विद्यालय शिक्षासम्बन्धी विधेयक' मा समेटिनुपर्ने बताएको छ।

महासङ्घले राहत शिक्षक, साविक उच्च माध्यमिक विद्यालय शिक्षक, बालकक्षा, अस्थायी, करार, विशेष शिक्षा, प्राविधिक धार, शिक्षण सिकाइ अनुदान, संस्थागत विद्यालयका शिक्षकलगायतका विषयमा ध्यानाकर्षण गराउँदै आएको छ।

नेपाल सरकारको यही साउन १६ गतेको मन्त्रिपरिषद्को बैठकले उक्त विधेयक स्वीकृत गरी सङ्घीय संसद्मा पेस गर्ने निर्णय गरेको छ भने विधेयक सार्वजनिक भएको छैन। महासङ्घका अध्यक्ष कमला तुलाधर र महासचिव लक्ष्मीकिशोर सुवेदीले बुधबार जारी गर्नुभएको विज्ञप्तिमा मस्यौदामा आफूहरूसँग भएका सहमति र माग सम्बोधन हुनुपर्ने उल्लेख छ।

"धोका भएका हामी पुनः आन्दोलनका कार्यक्रमसहित आउन बाध्य हुनेछौँ", विज्ञप्तिमा भनिएको छ, "हामी मुख्य सरोकार पक्षसँग सरकारले आधिकारिकरुपमा मस्यौदामा छलफल र संवाद गर्न चाहेमा हामी तयार छौँ।" रासस

## अनुसन्धान विभाग र राजस्व अनुसन्धान विभाग पुरानै मन्त्रालयअन्तर्गत फर्काऔँ : नेता कोइराला

काठमाण्डु। नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले राष्ट्रिय अनुसन्धान विभाग र राजस्व अनुसन्धान विभाग प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट हटाएर पहिले भएकै मन्त्रालयअन्तर्गत राखिनुपर्ने बताउनुभएको छ।

प्रजातान्त्रिक विचार समाजको नवनिर्वाचित समूहले आज डा कोइरालाको सम्पर्क कार्यालयमा आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा उहाँले पार्टीले पहिलेकै मन्त्रालयअन्तर्गत दुवै विभागलाई फर्काउने भनी निर्णय गरेकाले यसमा ढिलाइ गर्न नहुने बताउनुभयो। प्रजातान्त्रिक प्रक्रियालाई अवरुद्ध नगर्न पनि यी दुई विभाग पहिलेको मन्त्रालयअन्तर्गत राखिनुपर्नेमा उहाँको जोड थियो।

'पार्टीले दुवै विभागलाई सम्बन्धित मन्त्रालयअन्तर्गत नै फर्काउने निर्णय गरेको छ, सभापति शेरबहादुर देउवा प्रधानमन्त्री हुँदा पनि यो निर्णय कार्यान्वयन भएन, अहिले पनि पार्टी सरकारमा भएकाले यो निर्णय कार्यान्वयन गर्न ढिलाइ गरिनुहुन्न', नेता कोइरालाले भन्नुभयो।

ललिता निवास प्रकरणमा टिप्पणी उठाउने अधिकृत जेल जाने तर निर्णय गर्नेहरू बाहिरै हुँदा भ्रष्टाचार प्रकरणमा छानबिन र दोषीलाई कारबाही हुन्छ भन्ने जनताले विश्वास गर्न नसकेको उहाँको भनाइ थियो। नक्कली भुटानी शरणार्थी प्रकरणलाई ओझेलमा पार्न ललिता निवास प्रकरण र यसलाई पनि ओझेलमा पार्न सुन प्रकरण सतहमा आएको भनाइ नेता कोइरालाले राख्नुभयो।

'यस्ता विषय चर्चामा आउँदा मुख्य तीन दलका प्रमुख नेताको नियमित बैठक हुने गरेको छ, किन प्रमुख दलका मुख्य नेता भेटेको भनी जनताले जानकारी पाउँदैनन्, संसद् नचल्दा दैनिक देशलाई घाटा लागिरहेको छ, शीर्ष नेतृत्व यसप्रति संवेदशील देखिएको छैन, सङ्घीयताप्रति मुख्य दलको स्वामित्व कति छ भन्ने बुझ्न सकिएन', उहाँले भन्नुभयो।




कोशी प्रदेशमा चलिरहेको पहिचानको लडाइँप्रति सङ्केत गर्दै नेता कोइरालाले त्यसमा अलिकति चुके ठूलो क्षति हुने भएकाले सतर्क हुन आह्वान गर्नुभयो। कोशी प्रदेशमा पहिचानको लडाइँलाई विदेशी शक्ति र विदेशमा बस्ने जनजातिले आर्थिक सहयोग गरिरहेको उल्लेख गर्दै नेता कोइरालाले बागमती, गण्डकी र लुम्बिनीमा पनि यसको प्रभाव पर्न सक्ने भएकाले संवेदनशील हुनुपर्नेमा जोड दिनुभएको हो। यस्ता विषयमा प्रजातान्त्रिक विचार समाजले अध्ययन, अनुसन्धान गर्नुपर्ने उहाँको भनाइ थियो।

शिक्षामा विभिन्न विकृति आएको, भ्रष्टाचार र दण्डहीनता बढेको, नेपाली उद्योगी व्यवसायीले भारतले तिरेभन्दा दोब्बर पैसामा ऊर्जा माग गर्दा पनि नपाएकाजस्ता विकृतिका विषयमा विचार समाजले काम गर्नुपर्ने नेता कोइरालाको विचार थियो। सत्ता गठबन्धनमा रहेका अन्य दलले समाजवादी मोर्चा बनाएर कांग्रेसलाई कमजोर बनाउन खोजेकामा उहाँले आपत्ति जनाउनुभयो।

समाजका अध्यक्ष कुलचन्द्र वाग्लेले भ्रष्टाचार बढिरहेकाले निष्पक्ष छानबिन गरी दोषीलाई कानूनी कारबाहीको दायरामा ल्याउनुपर्नेमा जोड दिनुभयो। संसदीय प्रक्रियालाई रोकेर भ्रष्टाचारका घटनामा केही नहुने उल्लेख गर्दै उहाँले प्रजातान्त्रिक प्रक्रियाबाटै यी समस्याको समाधान गरिनुपर्ने बताउनुभयो।रासस

# रुससँगको संयुक्त लगानीमा भारतमा विद्युतीय रेल बनाइदै

**एएनआई**

मस्को । भारत र रुसबीच एक सय २० वटा विद्युतीय रेल उत्पादन गर्ने संयुक्त लगानीको कम्पनी भारतमा स्थापना गर्ने सम्झौता भएको छ । महाराष्ट्रको लातुरामा कम्पनी स्थापना गरेर निर्माण प्रारम्भ गरिनेछ। सम्झौताअनुसार अबको पाँच वर्षभित्रमा रेल बनाइसक्नुपर्नेछ । उक्त कम्पनीले नै ३५ वर्षसम्म कारखानाका



उपकरण तथा रेलको मर्मत सम्भार गरिनेछ।

लामो दूरीमा सञ्चालन हुने एक सय २० वटा रेल बनाउन रुसको सबैभन्दा ठूलो रेल निर्माता कम्पनी ट्रान्सम्यासहोल्डिङ र भारतीय कम्पनी रेल विकास निगम लिमिटेड९आरभिएनएल० बीच सम्झौता भएको हो ।

यात्रीलाई सुत्ने सुविधाका साथ निर्माण गरिने एउटा रेलको मूल्य एक अर्ब ४० करोड पर्नेछ । 'बन्दे भारत' नामका ती रेलका अधिकांश डिब्बामा वातानुकूलन प्रणाली पनि जडान हुनेछ। दुवै समूहले लगानी गर्ने कम्पनीको नाम किनेट रेलवे सोलुसन्स लिमिटेड हुनेछ । कम्पनीमा आरभिएनएलको २५ प्रतिशत लगानी हुने रुसी समाचारपत्र कमर्सन्टले जनाएको छ।

उ ल ा न - उ ड े लोकोमोटिभ प्लान्टको भ्रमणका क्रममा ट्रान्समासहोल्डिङका महानिर्देशक किरिल लिपालाई रुसी प्रधानमन्त्री मिखाइल मिशुस्टिनले सम्झौताबारे जानकारी दिनुभएको हो।

ट्रान्समासहोल्डिङका महानिर्देशकका भारतीय रेलवेका सहकर्मीसँग मिलेर परियोजनाको अर्की चरणको काम शीघ्र प्रारम्भ गरिनेछ । ट्रान्समासहोल्डिङ आधुनिक रेल निर्माणमा ख्यातिप्राप्त कम्पनी हो जसले विश्वका ३० देशमा रेल डिजाइन, इन्जिन र अन्य उपकरण निर्माण तथा आपूर्ति गर्दै आएको छ।

# माफी माग्दिन : राहुल गान्धी

**बीबीसी**

नयाँ दिल्ली । कांग्रेस नेता राहुल गान्धीले बुधवार सर्वोच्च अदालतमा मानहानि मुद्दाको सम्बन्धमा शपथ पत्र दायर गर्दै भनेका छन् कि उनी चुपचाप माफी माग्नेछैनन् ।

उनले सुरत अदालतले दिएको सजाय उचित नभएको भन्दै देशको सर्वोच्च अदालतमा भएको यो पुनरावेदन सफल हुनेमा आफूलाई पूर्ण आशा रहेको पनि बताए । राहुल गान्धीले सर्वोच्च अदालतमा आफूले माफी नमाग्ने बताएको यो पहिलो पटक हो।

उनले यो सजाय बन्द होस् र आफूले सांसदको हैसियत पाउन चाहे पनि यसका लागि आफू माफी माग्न तयार नभएको बताए ।

आफ्नो काउन्टर हलफनामामा राहुल गान्धीले भाजपा विधायक पूर्णेश मोदीको आलोचना गरेका छन् ।

उजुरीकर्ता पूर्णेश मोदीले अदालतमा पेश गरेको शपथ पत्रमा राहुल गान्धीलाई आफ्नो बयानका लागि माफी नमाग्नेलाई 'अहंकारी' भनेका छन् ।

**'मैले ठूलो मूल्य चुकाएको छु**

यसबारे बिहीबार जवाफ दिँदै राहुल गान्धीको तर्फबाट पेश गरिएको शपथपत्रमा भनिएको छ, 'कसैलाई जनप्रतिनिधित्व ऐन अन्तर्गत सदस्यता खारेज गरी माफी माग्न बाध्य पार्नु न्यायिक प्रक्रियाको ठगी हो । उहाँको गल्ती हो ।' त्यहाँ दुरुपयोग छ र यो अदालतको तर्फबाट स्वीकार गर्नु हुँदैन ।

यस मुद्दामा वरिष्ठ अधिवक्ताहरू प्रशान्त सेन, राजिन्दर चीमा र अभिषेक मनु सिंघवीले राहुल गान्धीको तर्फबाट प्रतिनिधित्व गरिरहेका छन् ।

यसबाहेक, कांग्रेस नेताले भने कि यो एक 'असाधारण मुद्दा' भएकोले यो अदालतमा सफलताको लागि आशावादी छ जहाँ मामूली कुराले ठूलो मूल्य चुकाउनु परेको छ र लामो समयदेखि




निर्वाचित सांसदको रूपमा अयोग्य घोषित गरिएको छ ।

सर्वोच्च अदालतमा आफ्नो सजाय रोक्नको लागि अपील गर्दै राहुल गान्धीले अदालतलाई भने कि पूर्णेश मोदीले आफ्नो कथित आपराधिक इतिहास देखाउन उनी विरुद्ध धेरै विचाराधीन मुद्दाहरू चलाएको छ, तर उनी अन्य कुनै पनि मुद्दामा दोषी ठहरिएका छैनन् र धेरै जसो मुद्दा दायर भएका छन् । प्रतिद्वन्द्वी राजनीतिक दलका नेताहरुबाट ।

प्रतिज्ञापत्रमा भनिएको छ, 'निवेदक सांसद र विपक्षी दलका नेता भएकाले सत्तामा रहेका व्यक्तिको आलोचनात्मक मूल्याङ्कन गर्नु आवश्यक थियो । मानहानि गर्ने उद्देश्य थियो कि थिएन भन्ने बुझ्नको लागि भाषण पूर्ण रूपमा पढ्न आवश्यक छ । यसबाहेक, यो स्पष्ट छ कि मानहानि एक गैर/कोग्निजेबल, कम्पाउन्डेबल र जमानत योग्य अपराध हो।

गान्धीले भने कि सूरत अदालतले अधिकतम दुई वर्षको सजाय दिने निर्णय असाधारण छ र यसको रोकलाई विचार गर्नुपर्छ । न्यायाधीश बीआर गवईको नेतृत्वमा रहेको बेन्चले अगस्ट ४ मा राहुल गान्धीको अपीलको सुनुवाइ गर्ने अपेक्षा गरिएको छ।

जुलाई २१ मा, सर्वोच्च अदालतले गुजरात उच्च अदालतको आदेशको विरुद्धमा गान्धीको अपीलमा नोटिस जारी गर्‍यो जसले उनलाई सुनाइएको दुई वर्षको सजायलाई रोक्न अस्वीकार गर्‍यो ।

**सर्वोच्च अदालतमा के भने पूर्णेश मोदीले ?**

सुरत पश्चिमका विधायक पूर्णेश मोदीले मोदी उपनाममा राहुल गान्धीको बयानको बिरूद्ध मुद्दा दायर गरेका थिए, जसमा उनलाई दुई वर्षको सजाय मात्र नभएर उनको सांसद पद पनि रद्द गरिएको थियो।

अदालतको नोटिसको जवाफ दिँदै, पूर्णेश मोदीले जुलाई घज्ञ मा भनेका थिए कि प्रधानमन्त्री नरेन्द्र मोदीप्रति राहुल गान्धीको व्यक्तिगत घृणाको कारण, उनले संयोगवश प्रधानमन्त्रीको उपनाम हुने मानिसहरूलाई घोर अपमान गरेको थियो।

अदालतमा राहुल गान्धीको याचिकाको विरोध गर्दै पूर्णेश मोदीले भनेका थिए कि राहुल गान्धीको मुद्दालाई असाधारण को श्रेणीमा राख्न सकिँदैन।

पूर्णेश मोदीको शपथपत्रमा भनिएको छ, जब ट्रायल कोर्टले सजाय सुनाउँदै थियो, याचिकाकर्ता (राहुल गान्धी) को अनुहारमा पश्चाताप र पश्चातापबाट टाढाको अहंकार देखियो। निवेदकले निदीष वर्ग विरुद्ध दुर्भावनापूर्ण अपमानजनक शब्द प्रयोग गरेको छ ।'

पूर्णेश मोदीले गान्धीलाई देशका निर्वाचित प्रधानमन्त्रीप्रति व्यक्तिगत घृणुबाट प्रेरित भएको र त्यसैकारणले उक्त बयान दिएको बताए। यो भनाइ निदीष वर्गको विरुद्धमा आएको हुनाले उनीहरु कुनै दयाको योग्य छैनन् ।

**यो कुरा कहाँबाट सुरु भयो**

कांग्रेस नेता तथा पूर्व सांसद राहुल गान्धीले सन् २०१९ मा कर्नाटकको कोलारमा भएको राजनीतिक ˈयालीमा मोदी उपनामलाई चोरसँग जोडेका थिए। यो सम्पूर्ण विवाद यहीँबाट सुरु भएको हो । राहुल गान्धीले 'मोदी' उपनामले सबै मानिसहरूलाई बदनाम गरेको आरोप लगाउँदै, बीजेपी विधायक र गुजरातका पूर्व मन्त्री पूर्णेश मोदीले टिप्पणीलाई लिएर आईपीसी धारा ४९, ५०० र १८६० अन्तर्गत उजुरी दर्ता गरे।

सुरतको अदालतले यस मामिलामा राहुल गान्धीलाई दोषी ठहर गर्दै यस वर्ष मार्चमा दुई वर्षको जेल सजाय सुनाएको थियो। न्यायिक मजिस्ट्रेट एचएच वर्माको अदालतले उनलाई ३० दिनभित्र पुनरावेदन गर्न समय दिएको भए पनि सजाय निलम्बन नगरेपछि भोलिपल्टै जनप्रतिनिधित्व ऐन, १९५१ को धारा ८ र धारा १०२९१०९ई० राहुल गान्धीको संसदीय सदस्यता खारेज भएको भन्दै संविधानसभाले संविधान जारी गरेको हो

यसपछि, सूरतको सत्र अदालतले यस मामिलामा राहुल गान्धीको सजाय रोक्नको लागि याचिका खारेज गर्यो। तर, उनलाई उच्च अदालतमा पुनरावेदन गर्न समय दिइएको थियो ।

यसपछि राहुल गान्धीले गुजरात हाईकोर्टको ढोका ढकढक्याए तर त्यहाँ पनि उनको सजायलाई रोक्ने निवेदन खारेज भयो । अब राहुल गान्धी यो याचिका लिएर सवीच्च अदालत पुगेका छन् ।

# महिलामाथि गरेको अभद्र टिप्पणीले मन्त्रीको आलोचना

**बीबीसी**

इस्लामाबाद । पाकिस्तानका रक्षामन्त्री ख्वाजा आसिफ पूर्वप्रधानमन्त्री इमरान खानले पार्टीका महिला नेताहरूबारे गरेको अभद्र टिप्पणीलाई लिएर विवादमा परेका छन् ।

गत हप्ता, पाकिस्तानको रक्षामन्त्रीले संसदमा विपक्षी दल पाकिस्तान तहरीक-ए-इन्साफका महिला नेताहरूलाई 'फोहोर' भनेका थिए।

तर सायद त्यतिबेला आफ्नो भनाइले देशमा यस्तो आन्दोलन निम्त्याउँछ भन्ने अनुमान पनि गरेका थिएनन् । यसअघि पनि धेरै पाकिस्तानी लेखक, क्रिकेटर, सेलिब्रेटी र जजले पनि महिलामाथि यस्तै आपत्तिजनक टिप्पणी गरेका छन् ।



मिडियासँग कुरा गर्दै पाकिस्तानको प्रान्तीय सभाकी सदस्य शर्मिला फारुकी भन्छिन्, 'महिलाविरुद्ध यस्तो आपत्तिजनक टिप्पणी गर्ने पुरुषसँग लाइसेन्स छ ।' ७३ वर्षीय ख्वाजा आसिफले संसदमा यसरी बोलेको यो पहिलो पटक भने होइन ।

यसअघि संसदको संयुक्त सत्रमा ख्वाजा आसिफले पूर्वमन्त्री शिरीन मजारीलाई 'ट्र्याक्टर ट्रली' भनेका थिए, उनको तौलको खिल्ली उडाउँदै थिए। यसअघि पाकिस्तानको संसदमा पनि यस्तो भाषा प्रयोग भइसकेको छ ।

अक्सर, ख्वाजा आसिफको पाकिस्तान मुस्लिम लीग (पीएमएल-एन) पार्टी र पाकिस्तान तहरीक-ए-इन्साफ पार्टीले विपक्षी दलका महिला नेताहरूको बारेमा अपमानजनक शब्दहरू बोलेका छन् ।

तर, यसपटक ख्वाजा आसिफविरुद्धको प्रतिक्रिया झनै व्यापक र तीव्र छ ।

पीटीआई र अन्य दलका सांसदहरूले सामाजिक सञ्जालमा ख्वाजा आसिफलाई निशाना बनाए, जबकि धेरै समाचार च्यानल र पत्रिकाहरूले उनको आलोचना गरे।

पाकिस्तानको सबैभन्दा ठूलो अङ्ग्रेजी भाषाको अखबार डनले आफ्नो सम्पादकीयमा लेखेको छ, 'हाम्रा रक्षामन्त्री ख्वाजा आसिफलाई लैङ्गिक समानतामा शिक्षा आवश्यक छ। सबै आलोचनाका बाबजुद पनि ख्वाजा आसिफले आफ्नो बयानका लागि माफी मागेका छैनन् ।

उनले ट्वीट गरेकी छिन् कि उनको भनाइलाई गलत बुझिएको छ र कसैलाई रद्दीटोकरी भन्नु लिंग-विशिष्ट शब्द होइन।

तर समाजशास्त्री निदा किरमानीले यस्तो भनाइको आलोचना गर्नुले समाजमा परिवर्तन आएको बताउँछिन् । उनी भन्छिन्, 'केही वर्षअघि यस्तो हडताल हुने थिएन र उनले पनि आफ्नो भनाइमा कुनै प्रकारको स्पष्टीकरण दिनुपर्दैनथ्यो । यदि आज ख्वाजा आसिफले आफ्नो भनाइलाई स्पष्ट पार्नु पर्ने हो भने त्यो महिला अधिकारका लागि आवाज उठाउने कार्यकर्ताहरूको अथक संघर्षको परिणाम हो ।

निदा किरमानी भन्छिन् कि यो स्पष्ट छ कि सामाजिक सञ्जाल गेम चेन्जर भएको छ, जसले महिलाहरूलाई आफ्नो अभिव्यक्तिको मौका दिन्छ।

**'टिभीमा महिलाको गलत चित्रण जिम्मेवार'**

भर्खरै चर्चित ड्रामा बेबी बाजीको क्लिप भाइरल भएपछि यस्तै एउटा वाक्य हेडलाइन बनेको छ। यस क्लिपमा श्रीमान्को भूमिका निर्वाह गर्ने व्यक्तिले पर्दामा आफ्नी पत्नीलाई थप्पड मारेको देखाइएको छ ।

क्लिप भाइरल भएपछि, धेरै पुरुषहरूले यस दृश्यको प्रशंसा गरे, अन्ततः यो महिलालाई उनको स्थान देखाइएको छ।' तर महिलाहरुले तत्कालै विरोध गरे ।

कमेन्ट गर्दै अमिना रहमानले लेखेकी छिन्, 'म आफ्नो वरपर धेरै दुर्व्यवहार गर्ने पुरुषहरू देख्छु। महिलाको यस प्रकारको चित्रणले मानिसको दिमागमा अड्किन्छ र जब महिलालाई यसरी थप्पड लगाइन्छ, तब मानिसहरूले उत्सव मनाउँछन् ।

पाकिस्तानका धेरै महिलाहरूले टिभीमा आउने मनोरञ्जन कार्यक्रमहरूमा कहिलेकाहीं महिलाहरूलाई पछाडि देखाउने गरी चित्रण गर्ने गरेको विश्वास छ।

भिडियो ब्लगर सबाहत जकारिया भन्छन् कि टिभी वा स्ट्रिमिङ प्लेटफर्महरूमा प्रस्तुत गरिएको सामग्री पहिलेको भन्दा अब महिलाहरु विरुद्ध धेरै यौनवादी छ।

उनी भन्छिन्, सन् १९८० को दशकमा आएका कार्यक्रमहरू धेरै राम्रा थिए, जसले महिलाहरूले आफ्नो करियरसँगै आफ्नो परिवारको हेरचाह गरेको देखाएको छ।

तर त्यहाँ धेरै शोहरू छन् जसले स्टिरियोटाइप तोड्दै छन्, जस्तै चुडैल, महिला जासूसहरूमा आधारित काल्पनिक वेब श्रृंखला ।

पाकिस्तानी सेन्सर बोर्डले यसलाई धेरै बोल्ड पाए र सार्वजनिक विरोध पछि प्रतिबन्ध लगाए। पाकिस्तानी अभिनेता र सामाजिक कार्यकर्ता आदिल अफजल भन्छन्, पाकिस्तानी समाजले महिलालाई मानव, व्यक्तित्वको रूपमा स्वीकार गरेको छैन, उनलाई अरू सबैजस्तै बाँच्ने अधिकार दिएको छैन, जुन उनी पाउनु पर्छ ।'

'र हामीले महिला विरुद्ध हुने सबै कुरा त्यसैको परिणाम हो। जस्तै, जब एउटी महिलाले दुर्व्यवहार वा उत्पीडनको बारेमा गुनासो गर्छ, हामी उनीसँग लड्छौं, उनको विरुद्धमा जान्छौं, र यस बीचमा अपराधी भाग्छौं। तर कहिलेकाहीँ मानिसहरूको रिस यति बलियो हुन्छ कि उनीहरूले जबरजस्ती बोल्नुपर्छ।

गत महिना अप्रिलमा पाकिस्तान पिपुल्स पार्टीका नेता नबिल गोबोलको टिप्पणीले बहस सुरु गरेको थियो। पोडकास्ट कार्यक्रममा नबिलले राजनीतिक सम्झौताको सन्दर्भमा भने, 'अङ्ग्रेजीमा एउटा भनाइ छ कि जब तपाइँ बलात्कार रोक्न सक्नुहुन्न, तपाइँ त्यसको मजा लिन सक्नुहुन्छ ।'

नबिल गोबोलको यो भनाइले धेरैलाई आक्रोशित बनाएको छ । ट्विटर र फेसबुकमा आफ्नो असन्तुष्टि व्यक्त गर्दै, मानिसहरूले गोबोलको पार्टीलाई ट्याग गरे र उनीहरूलाई कारबाही गर्न आग्रह गरे।

अन्ततः उनको पार्टीले उनलाई माफी माग्न आग्रह गर्यो। त्यसपछि गोबोलले माफी पनि मागेका थिए । समाजशास्त्री निदा किरमानी आशाका साथ भन्छिन्, यस्तो निरन्तर आलोचनाले राजनीतिज्ञ र जनताले महिलाविरुद्ध केही बोल्नुअघि आफूलाई नियन्त्रणमा राख्नेछन्। मलाई आशा छ एक दिन यो हुनेछ ।

# रियो दि जेनेरियोमा भएको आक्रमणमा नौ जनाको मृत्यु



**एएनआई**

ब्राजिलिया । रियो दि जेनेरियो शहर आसपास प्रहरीले गरेको आक्रमणमा कम्तीमा नौ व्यक्तिको मृत्यु भएको अल जजीराले जनाएको छ ।

भर्खरैका हिंसात्मक घटनाहरूका कारण कम्प्लेक्सो दा पेन्हामा आपराधिक समूहहरूलाई लक्षित गर्दै प्रहरी कारबाही तीव्र पारिएको हो। ब्राजिलमा पछिल्ला दिनहरूमा यस्ता कारहबाहीलाई राजनीतिक समर्थनसहित तीव्रता दिइएको छ ।

यद्यपि यस किसिमका कारबाहीमा प्रहरीले व्यापक बल प्रयोग गरेको भन्दै आलोचना पनि भएको छ ।

अल जजीराका अनुसार ब्राजिलका पूर्व राष्ट्रपति जैर बोल्सोनारोले ( प्रहरी शक्तिको दुरुपयोगको चिन्तालई अस्वीकार गर्दै भनेका छन्( अपराधीहरू साङ्लो जस्तै मर्नुपर्छ।

उनले ब्राजिलमा बुलेट लबीलाई दृढतापूर्वक समर्थन समेत गरेका छन् । यहाँ यो शब्दावली राजनीतिक शक्तिहरूलाई वर्णन गर्न प्रयोग गरिन्छ जसको आशय बन्दुक, अपराध विरोधी कानून, र कानून प्रवर्तनमा बढेको पहुँचको पक्षमा एकजुट हुनुलाई बुझिन्छ ।

# बेलाइतले सुरक्षाका कारण नाइजरमा रहेको दूतावासका कर्मचारी घटाउँदै

**एएफपी**

लन्डन । बेलाइतले बिहीबार सैन्य विद्रोहपछि नाइजरमा रहेको आफ्नो दूतावासका कर्मचारीलाई अस्थायी रूपमा कटौती गरेको जनाएको छ।

'सुरक्षा अवस्थाका कारण नियामीमा रहेको बेलाइती दूतावासले अस्थायी रूपमा आफ्ना कर्मचारीको संख्या घटाएको छ,' विदेश मन्त्रालले विज्ञप्ति जारी गर्दै जनाएको छ ।

संयुक्त राज्यले बुधवार कूटनीतिक कर्मचारीहरूलाई आंशिक खाली गर्न आदेश दिएको छ भने फ्रान्सले बिहीबार नियामीस्थित आफ्नो दूतावासमा हिंसात्मक प्रदर्शन भएपछि आफ्नो मिसन र कूटनीतिक कर्मचारीहरूको सुरक्षा सुनिश्चित गर्न जुन्तालाई आग्रह गरेको छ ।

नाइजरको पूर्व औपनिवेशिक शासक फ्रान्सले पश्चिम अफ्रिकी देशमा सैन्य हस्तक्षेप गर्न खोजेको आरोप पुटस्चिस्टहरूले लगाएका छन् ।

# दक्षिण पश्चिम पाकिस्तानमा गोली चल्दा चार जनाको मृत्यु

**सिन्ह्वा**

इस्लामावाद । पाकिस्तानको दक्षिणपश्चिमी बलुचिस्तान प्रान्तमा बुधबार राति दुई समूहबीच गोली हानाहान हुँदा चार जनाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

सो घटना प्रान्तीय राजधानी क्वेटामा भएको थियो । दुई समूहका सदस्यहरू बीचको मौखिक झगडा उग्र बन्दै जाँदा उनीहरूले एकअर्का माथि गोली प्रहार गरेको प्रहरीले जनाएको छ।

जग्गा विवादमा झडप भएका दुवै समूह शहरका प्रभावशाली परिवारका सदस्यहरी रहेको बुझिएको छ । गोली हानाहानमा कैयौं व्यक्ति घाइते भएका थिए । घाइतेहरूलाई नजिकैको अस्पतालमा लगिएको छ । थप अनुसन्धानका लागि प्रहरीले उक्त क्षेत्रलाई घेराबन्दी गरेको छ।

# चीनद्वारा फेंग्युन-३ स्याटेलाइट प्रक्षेपण

**सिन्ह्वा**

जिउक्वान । चीनले बिहीबार जिउक्वान स्याटेलाइट प्रक्षेपण केन्द्रबाट एउटा भूउपग्रह अन्तरिक्षमा प्रक्षेपण गरेको छ।

फेंग्युन-३ ०६ स्याटेलाइट प्रक्षेपण उपग्रह लङ मार्च-४ सी वाहक रकेट द्वारा बिहान ११:४७ मा (बेइजिङ समय) मा प्रक्षेपण गरिएको हो । सो उपग्रह सफलतापूर्वक योजनाबद्ध कक्षमा प्रवेश गरेको पनि बताइएको छ ।

# फ्रान्सद्वारा नाइजर सेनालाई दूतावासको सुरक्षाको पूर्ण ग्यारेन्टी गर्न आग्रह

**एएफपी**

पेरिस । फ्रान्सले बिहीबार नाइजरको नयाँ शासकलाई नियामीमा आफ्नो दूतावासको सुरक्षाको 'पूर्ण ग्यारेन्टी' गर्न आग्रह गरेको छ।

विदेश मन्त्रालयले नाइजेरियन सुरक्षा बलहरूलाई 'विदेशी कूटनीतिक अधिकार सम्वर्धन गर्दै कूटनीतिक कर्मचारीहरूको सुरक्षा' प्रत्याभूति सुनिश्चित गर्न आवश्यक उपायहरू अवलम्वन



गर्न आग्रह गरेको छ ।

मन्त्रालयले भनेको छ-' यी कार्यहरू अन्तरराष्ट्रिय कानून अन्तर्गतका दायित्वहरू, विशेष गरी भियना कन्भेन्सनसँग सम्बन्धित छन् ।'



पोखरास्थित फेवाताल किनारमा पैदलयात्रा गर्दै विदेशी पर्यटक । *तस्विर : रासस*

# ५२ करोड राजस्व सङ्कलन



विराटनगर । कोशी प्रदेश प्रहरी कार्यालयले आर्थिक वर्ष २०७९/८० मा प्रदेश भरिमा विभिन्न घटनाका आठ हजार सात सय १९ मुद्दा दर्ता भई दुई हजार सात सय ७३ फछ्र्यौट गरेको छ ।

सो अवधिमा रु ५२ करोड १७ लाख ७८ हजार राजस्व सङ्कलन भएको प्रदेश प्रहरी प्रमुख प्रहरी नायब महानिरीक्षक राजेशनाथ बाँस्तोलाले वार्षिक कार्यसम्पादन समीक्षा प्रगति विवरण प्रस्तुत गर्दै जानकारी दिनुभएको हो ।

गत आवमा आठ हजार सात सय १९ विभिन्न अपराधसम्बन्धी मुद्दा दर्ता भई कानूनी कारबाही भइरहेको तथा फैसला कार्यान्वयन तर्फ विभिन्न अपराधमा सजाय एवं जरिवाना फैसला भई फरार रहँदै आएका एक हजार चार सय ६६ जना फरार प्रतिवादी पक्राउ गरिएको र रु चार करोड २४ लाख १२ हजार राजस्व सङ्कलन भएको प्रहरी प्रमुख बाँस्तोलाले जानकारी दिनुभयो ।

यसैगरी भन्सार चोरी निकासी तर्फ अवैध रुपमा सामान चोरी निकासी गर्ने एक सयजना मानिस पक्राउ गर्नुका साथै रु २६ करोड ९८ लाख ३८ हजार नौ सय ८० राजस्व भएको जनाइएको छ ।

यस्तै नदीजन्य पदार्थको अवैध रुपमा दोहन गर्ने ७४ व्यक्ति र तीन सय ३३ नदीजन्य पदार्थ उत्खनन गर्ने तथा ओसारपसार गर्ने सवारी साधनलाई पक्राउ गर्नुका साथै रु ३९ लाख २८ हजार पाँच सय ३५ राजस्व सङ्कलन भएको, अवैध काठ चोरी निकासी गर्ने ३८ व्यक्ति पक्राउ गरी पाँच हजार नौ सय ६१ क्यूफिट काठ बरामद गरी रु एक करोड ३१ लाख ४५ हजार राजस्व सङ्कलन भएको बताइएको छ ।

ट्राफिक व्यवस्थापन तर्फ सोही वर्षमा ट्राफिक नियम उल्लङ्घन गर्ने तीन लाख एक हजार सात सय ४९ सवारी साधनलाई कारबाही गर्दा रु २३ करोड ४८ लाख ६६ हजार राजस्व सङ्कलन भएको तथा लागुऔषध नियन्त्रण तर्फ गाँजा पाँच हजार आठ सय १५ किलो, अफिम २७ ग्राम ६८ मिलिग्राम, ब्राउनसुगर दुई किलो ७९ ग्राम आठ सय ४९ मिलिग्राम, विभिन्न मनोद्विपक क्याप्सलु २७ हजार छ सय १८, मनोद्धिपक एम्पुल १० हजार एक सय ७५ र मनोद्धिपक औषधि तीन सय १७ क्याप्सुल नियन्त्रण गरिएको तथा एक हजार सात सय ६३ रोपनी क्षेत्रफलमा लगाइएको छ लाख ७५ हजार तीन सय १४ बोट गाँजा नष्ट गरिएको छ ।

प्रहरी नायब महानिरीक्षक बाँस्तोलाले गएकै वर्षमा समुदाय प्रहरी साझेदारी कार्यक्रमअन्तर्गत प्रदेशभरी विभिन्न किसिमका सचेतनामूलक कार्यक्रमलाई तीव्रता दिई १० लाख ३१ हजार तीन सय ५१ जना लाभान्वित भएको जनाउनुभयो । रासस

# निकुञ्ज विभागमा एक वर्षमा केके काम भए

काठमाण्डु । वन तथा वातावरण मन्त्रालयअन्तर्गतको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले गत आर्थिक वर्षमा महत्वपूर्ण नीतिगत तथा अन्य महत्वपूर्ण काम भएको जनाएको छ ।

विभागमा आर्थिक वर्ष २०७९/८० मा विभिन्न नीतिगत निर्णय गरी कार्यान्वयनमा लगिएको, राष्ट्रिय र अन्तर ीष्ट्रिय संरक्षणका कार्यक्रम




गर्नाका साथै विभिन्न सहयोग जुटाउन सफल भएको जनाएको छ । यस अवधिमा विभागले संरक्षित क्षेत्र व्यवस्थापन रणनीति २०२२/२०३०, वन्यजन्तु अपराध नियन्त्रण आदेश, २०८० र वन्यजन्तु राहत निर्देशिका, २०८० तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ ।

मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रमलाई आर्थिक वर्षको सुरूमै खर्च गर्नेगरी योजना तर्जुमा गरिएको, राष्ट्रिय निकुञ्ज तथा आरक्षमा काम गर्ने करिब दुई हजार कर्मचारीको दुर्घटना बीमाको व्यवस्था गरिएको विभागको तथ्याङ्क छ ।

विसं २०७९ साउन २० गतेदेखि यही साउन १० गतेसम्म विभागको महानिर्देशकको जिम्मेवारीमा रहनुभएका डा महेश्वर ढकालले विभागलाई थप उचाइ र फराकिलो बनाउन तथा विगतको विरासतलाई अझै खदिलो बनाउन इमान्दार प्रयास गरिएको बताउनुभयो ।

विभागमा कार्यरत कर्मचारीका लागि स्थलगत उपकरण उपलब्ध गराउने गरी आयोजना तयारी गरिएको र सो आयोजना अक्टोबर २०२३ सम्म कार्यान्वयन हुने उहाँको भनाइ थियो ।

यसैगरी जिइएफ-८ साइकल (डब्लुआइडी विन्डो) अन्तर्गत वन्यजन्तु संरक्षण र सहअस्तित्वसम्बन्धी पाँच मिलियन अमेरिकी डलर बराबरको आयोजना (तयारीका क्रममा रहेको) छ। साथै सोही आयोजनाको (ग्रिड विन्डो) अन्तर्गत वन्यजन्तु मैत्री तथा जलवायु उत्थानशील पूर्वाधार निर्माण गर्न क्षमता अभिवृद्धिका लागि करिब चार मिलियन अमेरिकी डलर तयारीका क्रममा रहेको छ ।

सहसचिव डा ढकालले जि टु जी योजनाअन्तर्गत युएसएआइडीको सहकार्यमा संरक्षित क्षेत्र व्यवस्थापन तथा जैविक विविधता व्यवस्थापनसम्बन्धी आयोजना तयारीका क्रममा रहेको जानकारी गराउनुभयो ।

यस अवधिमा विभागले युएसएआइडी जैविक विविधता (जलजङ्गल) आयोजना तथा विभागको समन्वय र सहकार्यमा गैंडा पाइने एशियन देश र सरोकारवालाबीच अन्तर ीष्ट्रिय सम्मेलन गरिसकेको छ । त्यस्तै गिद्ध पाइने एशियन देश र सरोकारवाला सम्मिलित अन्तर्राष्ट्रिय सम्मेलन आयोजना गरिएको, वन्यजन्तु अपराध नियन्त्रणसम्बन्धी राष्ट्रिय कार्याशाला गोष्ठी आयोजना गरिएको, राष्ट्रिय बाघ संरक्षण कार्ययोजना (२०२३-२०२७) तयार गरिएको, बर्दिया, बाँके र शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज तथा गौरीशङ्कर र कृष्णसार संरक्षण क्षेत्रको व्यवस्थापन योजना तयार गरी र स्वीकृत गरिएको उहाँले बताउनुभयो ।

विभागअन्तर्गत यस अवधिमा आव २०७८/२०७९ मा रु ३५ करोड राजस्व उठेकामा आव २०७९/२०८० मा रु ७४ करोड राजस्व उठाउन सफल भइएको, गिद्ध संरक्षण कार्ययोजना (२०२३-२०२७)स्वीकृत भएको, साइटिसको १९औं सम्मेलनमा सरकारका तर्फबाट भाग लिई नेतृत्व प्रदान गरिएको, विगत पाँच वर्षदेखि रिक्त रहेका दुई सय ५० गेम स्काउट दरबन्दीको लोकसेवा आयोगबाट विज्ञापन गर्न सफल भएको, ४५ जनाभन्दा बढी कर्मचारीलाई वैदेशिक गोष्ठी, सेमिनार र तालिममार्फत क्षमता अभिवृद्धि गरिएको विभागको तथ्याङ्क छ ।

विभागले यस अवधिमा वन्यजन्तु मैत्री पूर्वाधार नीति कार्यान्वयनसम्बन्धी सात प्रदेशमा प्रदेशस्तरीय कार्याशाला गोष्ठी आयोजना गरेको, संरक्षित क्षेत्रबाट लिने प्रवेश शुल्कका दररेट संशोधनका लागि प्रक्रिया सुरु गरेको, भारत सरकारले सुरु गरेको ठूला बिरालाका लागि अन्तर्राष्ट्रिय गठबन्धन फोरमको संस्थापक सदस्य बन्न समन्वय गरेको तथा विभाग मातहतमा रहेका विभिन्न तीन आयोजनाको ८० प्रतिशतभन्दा बढी वित्तिय प्रगति हासिल गरिएको मन्त्रालयका सहसचिव डा ढकालले बताउनुभयो । रासस

# बढ्दै छ गलैंचा, कार्पेट, यार्चागुम्बादेखि अम्रिसो निर्यात

काठमाण्डु । गत आर्थिक वर्षमा नेपालको व्यापार घाटा साढे रु १४ अर्बभन्दा बढी छ । अर्थात् मुलुकमा निर्यातभन्दा आयातको मात्रा निकै ठूलो छ । व्यापार घाटा कम गर्नका लागि निर्यात बढाउनुको विकल्प छैन । सरकारले व्यवस्थित तवरले निर्यातजन्य वस्तु तथा सेवा उत्पादन र बिस्तार गर्न सके उल्लेख्य मात्रामा विदेशी मुद्रा बिहीबार्रन गर्दै व्यापार घाटा कम गर्न सकिन्छ ।

यद्यपि नेपालले केही यस्तो वस्तुहरु छन् जसको निर्यातबाट राम्रो आम्दानी गरिरहेको छ । जसमध्ये गलैंचा, अलैंची, अम्रिसो, कुकुर तथा बिरालाको खाना, यार्सागुम्बा पनि पर्छन् । जसको निर्यातबाट गत आवमा मुलुकले रु २४ अर्बभन्दा बढी आम्दानी गरेको छ ।

भन्सार विभागको तथ्याङ्कानुसार पछिल्लो पाँच वर्षमा नेपालबाट रु ४१ अर्ब बढीको कार्पेट (गलैंचा) निर्यात भएको छ । गत आवमा २०७९/८० मा रु एक ११ अर्ब ५० करोड ६६ लाख २३ हजारको गलैंचा निर्यात भएको विभागको भनाइ छ ।

यहाँ उत्पादन हुने गलैंचा अमेरिका, जर्मनी, बेलायतलगायतका मुलुकमा निर्यात हुन्छ । ऊन तथा जनावरका रौबाट बनेका यस्ता गलैंचाको माग विशेष गरी अमेरिका तथा यूरोप नै हो । गत आवमा अमेरिकामा मात्रै रु सात अर्ब १८ करोड २५ लाख ६७ हजार बराबरको गलैंचा निर्यात भएको छ । साथै जर्मनीमा रु ८८ करोड ७० लाख २२ हजार, बेलायतमा रु ७८ करोड ७५ लाख ७६ हजार, इटलीमा रु ६१ करोड ४६ लाख ६२ हजार मूल्य बराबरको गलैंचा निर्यात भएको छ । साथै गत आवमा फ्रान्समा रु ३४ करोड २५ लाख ९२ हजार बराबरको गलैंचा निर्यात भएको छ ।

भन्सार विभागका अनुसार अघिल्लो आवमा कूल रु नौ अर्ब ५६ करोड ७७ लाख ३० हजार मूल्य बराबरको गलैंचा निर्यात भएको छ । त्यस्तै आव २०७७/७८ मा रु सात अर्ब २४ करोड ४० लाख ५० हजार, आव २०७६/७७ मा रु छ अर्ब १५ करोड ७७ लाख छ हजारको तथा आव २०७५/७६मा रु सात अर्ब ३६ करोड ९६ लाख ९५ हजारको गलैंचा विभिन्न देशमा निर्यात भएको छ ।



**आठ अर्बको अलौची निर्यात**

विभागका अनुसार गत आवमा रु आठ अर्बभन्दा बढीको अलैंची निर्यात भएको छ । मुलुकको वैदेशिक व्यापारमा अलैची निर्यातको मूख्य भूमिका छ । गत आवमा रु आठ अर्ब २७ करोड ६५ लाख ९७ हजार मूल्य बराबरको अलैंची मूलुकबाट निर्यात भएको छ । जुन अघिल्लो आवमा रु चार अर्ब ८१ करोड ३४ लाख ६५ हजार थियो ।

विभागका अनुसार आव २०७७/७८ मा रु सात अर्ब एक करोड आठ लाख २९ हजार, आव २०७६/७७ मा रु दुई अर्ब ५३ करोड ९५ लाख ९५ हजार तथा आव २०७५/७६ मा रु दुई अर्ब ७१ करोड ४९ लाख ४२ हजार बराबरको अलैची निर्यात भएको छ । नेपालबाट भारत, पाकिस्तान, इटली तथा जर्मनीलगायत मूलुकमा अलैंची निर्यात हुने गरेको छ ।

**कुकुर तथा विरालाको खानाको निर्यात बढ्दो**

पछिल्लो केही वर्षयता नेपालबाट निर्यात हुने वस्तुमा कुकुर तथा विरालाको खानासमेत पर्दै गएको छ । विगत पाँच वर्षमा मात्रै मुलुकबाट रु १० अर्बको यस्ता वस्तु निर्यात भएको विवरण भन्सार विभागले सार्वजनिक गरेको छ ।

> विभागका अनुसार नेपालबाट यार्चागुम्बा मुख्य निर्यात हुने मुलुकमा हङकङ, कम्बोडिया, मलेसिया, सिङ्गापुर, भियतनाम, अमेरिकालगायतका राष्ट्र पर्छन् ।

गत आवमा मात्रै रु तीन अर्ब ४० करोड ९० लाख ७३ हजार मूल्य बराबरको यस्ता वस्तु मुलुकबाट बाहिरिएको विभागले सार्वजनिक विवरणमा उल्लेख छ । गत आवमा रु दुई अर्ब ९६ करोड ७६ लाखका यस्ता वस्तु अमेरिका निर्यात भएको थियो । त्यस्तै रु २९ करोड ४२ लाख ३५ हजारको क्यानडा, रु तीन करोड ९३ लाख ५६ हजार बराबरको जापान निर्यात भएको सार्वजनिक विवरमा उल्लेख छ ।

नेपालले अघिल्लो आवमा रु दुई अर्ब ९१ करोड १९ लाख ३९ हजारको कुकुर तथा विरालाका लागि बनेका यस्ता खानेकुरा निर्यात गरेको छ । त्यस्तै आव २०७७/७८मा रु एक अर्ब ९६ करोड ५० लाख ४६ हजार, आव २०७६/७७ मा रु एक अर्ब २२ करोड ८३ लाख ५६ हजार तथा आव २०७५/७६ मा रु एक अर्ब पाँच करोड २८ लाख ७६ हजारको यस्ता बस्तु मुलुकबाट निर्यात भएको विवरणमा उल्लेख छ ।

**पाँच वर्षमा रू तीन अर्बको अम्रिसो निर्यात**

नेपालबाट निर्यात हुने वस्तुमा अम्रिसो पनि पर्छ । विभागका अनुसार पछिल्लो पाँच वर्षमा अम्रिसो निर्यातबाट रु तीन अर्ब ३३ करोड छ लाख ९२ हजार आम्दानी भएको छ । गत आवमा रु एक अर्ब ८८ लाखको अम्रिसो भारत निर्यात भएको छ । नेपालबाट निर्यात हुने अम्रिसोको मूख्य गन्तव्य भारत हो ।

विभागको विवरणानुसार अघिल्लो आवमा रु ६९ करोड ९८ लाख ६२ हजारको अम्रिसो नियात भएको छ । त्यस्तै आव २०७७/७८मा रु ६५ करोड ८८ लाख १३ हजारको, आव २०७६/७७मा रु ५५ कराड ७४ लाख ७८ हजार तथा आव २०७५/७६ मा रु ४० करोड ५७ लाख ३९ हजारको अम्रिसो मूलुकबाट निर्यात भएको छ ।

**एक वर्षमा रू ४४ करोडको यार्सागुम्बा निर्यात**

विभागका अनुसार गत आवमा रु ४४ करोड ३१ लाखको यार्सागुम्बा निर्यात भएको छ । नेपालको उच्च हिमाली क्षेत्रमा पाइने जडीबुटी यार्चागुम्बाको निर्यात पछिल्ला पाँच वर्ष यताकै उच्च हो ।

अघिल्लो आवमा रु ३० करोड ९२ लाख ३३ हजारको यार्चागुम्बा निर्यात भएको थियो । त्यस्तै आव २०७७/७८ मा रु १५ करोड ७६ लाख २५ हजारको, आव २०७६/७७ मा रु २० करोड २२ लाख ३५ हजारको तथा आव २०७५/७६मा रु १७ करोड ९४ लाख आठ हजारको यार्चागुम्बा निर्यात भएको छ । विभागका अनुसार नेपालबाट यार्चागुम्बा मुख्य निर्यात हुने मुलुकमा हङकङ, कम्बोडिया, मलेसिया, सिङ्गापुर, भियतनाम, अमेरिकालगायतका राष्ट्र पर्छन् । रासस

# अन्तिम समयमा बढ्यो बजार, दिशा अस्पष्ट

**टुडे समाचारदाता**

काठमाण्डु । बुधवारदेखि बढ्ने प्रयासमा देखिएको नेप्से परिसूचक बिहीबार झिनो अंकले उकालो लागेको छ। नेप्से ३ अंकले बढेर २०८९।८४ विन्दुमा पुगेको हो।

बिहीबार नेप्से परिसूचक अन्तिम समयमा केही बढेको हो। लगानीकर्ताहरू पर्ख र हेरको अवस्थामा रहँदा बजारले स्पष्ट दिशा समात्न नसकेको हो। विशेष गरी गत आर्थिक वर्षको वित्तीय विवरणको पर्खाइमा लगानीकर्ताहरू रहेका देखिन्छन्।

वित्तीय विवरण सार्वजनिक हुने दर बढ्न थालेसँगै नेप्सेको दिशा स्पष्ट हुने देखिन्छ। बजारको गति स्पष्ट नभइरहँदा मोलमोलाई भने बढेको छ। यही कारण नेप्सेमा कारोबार अवधिभर तीव्र उतार चढाव देखिएको छ। यस दिन कारोबार रकम मात्र घटेको छैन, मूल्य बढ्ने कम्पनीहरूको संख्या समेत घटेको छ।

बिहीबार एक अर्ब ७८ करोड रूपैयाँको सेयर किनबेच भएको छ। बुधबार भने एक अर्ब ८१ करोड रूपैयाँको कारोबार भएको थियो। त्यस्तै बुधबार १ सय ३४ वटाको मूल्य बढेकोमा बिहीबार कारोबारमा आएकामध्ये ९९ कम्पनीको मूल्य बढेको छ। १ सय ४२ वटाको मूल्य घटेको छ।

यस दिन कारोबारमा आएकामध्ये विकास बैंक, वित्त कम्पनी, होटल तथा पर्यटन , जलविद्युत र निर्जीवन बिमा कम्पनी समूहको परिसूचक घटेको छ। बिहीबार सपोर्ट माइक्रोफाइनानसको सेयर मूल्य १० प्रतिशतसम्म बढेर सर्किट ब्रेक लागेको छ। कम्पनीको सेयर एक हजार ७६ रुपैयाँ ९० पैसामा कारोबार भएको हो। कारोबार रकमका आधारमा बिहीबार पनि शिवम् सिमेन्ट नै अग्रस्थानमा छ। कम्पनीको सबैभन्दा धेरै ९ करोड २३ लाख रुपैयाँको सेयर किनबेच भएको छ।


## प्रारम्भिक वातावरणीय परिक्षणको लागि प्रकाशित १५ दिने सार्वजनिक सूचना

धनुषा जिल्ल धनुषाधाम न.पा./गा.वि.स. ६ वडा/टोलको ६ कि.नं. मा प्लाईवुड उत्पादन गर्ने उद्देश्यले उद्योग स्थापना गर्न लगिएको हुँदा उपरोक्त उद्देश्यको उद्योगले त्यस क्षेत्रको सामाजिक, आर्थिक, साँस्कृतिक भौतिक, रसायनिक र जैविक पक्षमा पार्न सक्ने प्रभाव सम्बन्धमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलको स्थानमा लिखित राय सुझाव भए दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**राय सुझाव दिने स्थान**

१) सम्बन्धित गा.वि.स./न.पा.
२) सम्बन्धित जिल्ला स्तरीय घरेलु तथा साना उद्योग कार्यालय/समितिको कार्यालय ।

**प्रस्तावक**
**नाम :- अनिल दाहाल**
**ठेगाना :- क.न.पा.-९, काउछे**



## भूमि सुधार तथा मालपोत कार्यालय पर्साको
## हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

उप्रान्त शेषपछिको वकस पत्रको लिखत गरी दिने जिल्ला पर्सा साविक गा.वि.स. भिखमपुर वडा नं. ८ मा बस्ने सम्पति कुर्मिन र शेषपछिको वकस पत्रको लिखत गराई लिने जिल्ला पर्सा साविक गा.वि.स. औराहा वडा नं. ७ बस्ने शिवरती देवी कुर्मिन भएको मालपोत कार्यालय पर्साको र.नं. ६५६७ख मिति २०६२/०३/०३ को पारित शेषपछिको वकस पत्रको लिखत बमोजिम सम्पति देवी कुर्मिनको नाम दर्ता रहेको तपसिलको जग्गा दा.खा. दर्ता गरी पाउँ भनी निवेदक शिवरती देवी कुर्मिनले द.नं. ६७७८ मिति २०७९/०६/३० को माग निवेदन पेश गर्नु भएकोमा पारित लिखतको तामेली भिडाउँदा उक्त लिखत फेला नपरेको भनी तामेली फाँटबाट लेखी आएकोमा उल्लेखित र.नं. ६५६७ख मिति २०६२/०३/०३ को पारित शेषपछिको वकस पत्रको लिखत बदर भए नभएको शन्दर्भमा यकीन हुन नसकेको हुँदा यस कार्यालयको मिति २०८०/०४/२९ को आदेशानुसार हक दाबीको यो ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ । निवेदिका शिवरती देवी कुर्मिनको माग दाबी भएको तपसिलको जग्गामा अरु कोही कसैको हक भोग भए वा उल्लेखित जग्गाको मिति २०६२/०३/०३ मा पारित र.नं. ६५६७ख को शे.प.य.प. को लिखत बदर भएको सम्बन्धमा कोही कसैको हकदाबी लाग्ने, पुग्ने भए वा उक्त लिखत अनुसार निज निवेदिकाको नाममा दा.खा. हुनु नपर्ने कुनै कारण भए यो सूचना प्रकाशन भएको मिति देखि बाटोको म्याद बाहेक ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित उजुर दाबी गर्न आउनु होला । म्याद भित्र दाबी बिरोध नपरेमा कानून बमोजिम हुनेछ ।

**तपसिल**

| गा.वि.स. | वडा नं. | सिट नं. | कि.नं. | क्षेत्रफल | दर्तावाला |
|---|---|---|---|---|---|
| साविक भिखमपुर | ८ | - | ६ | ०,१७९५.०० | सम्पति कुर्मिन |
| साविक भिखमपुर | ८ | - | १७ | ०,०५१५.०० | सम्पति कुर्मिन |

# उपप्रमुख मीराका श्रीमान कारागार चलान

**टुडे समाचारदाता**

राजविराज । नागरिकता सम्बन्धी कसुर मुद्दामा बिहीबार महेन्द्र कुमार यादव अदालतको आदेशले पुर्पक्षका लागि कारागार चलान भएका छन् ।

यादव सप्तरीको डाक्नेश्वरी नगरपालिकाकी उपप्रमुख मीरा कुमारी यादवका श्रीमान् छन् । सोही मुद्दामा १२ दिनअघि उपप्रमुख मीरा एक लाख धरौटी बुझाउँदै तारेखमा रिहा भइसकेकी छन् ।

अनुसन्धानका क्रममा पटक पटक म्याद थप्दै २३ दिनसम्म प्रहरी हिरासतमा रहेकी मीरालाई गत साउन ८ गते सप्तरी जिल्ला अदालतका न्यायाधीश हरिशचन्द्र इंगनामको इजलासले एक लाख



धरौटी बुझाई तारेखमा रिहा गर्ने आदेश जारी गरेको थियो ।

प्रतिवादी कृष्णकुमार यादवले भारतकोसमेत नागरिकता लिएकोभन्दै उपप्रमुख मीरा र उनका श्रीमान महेन्द्र र स्थानीयवासी सहदेव यादवविरुद्ध नागरिकता सम्बन्धी कसुरमा मुद्दा दायर गरेका थिए ।

उक्त प्रकरणमा अर्का आरोपि सहदेव यादव पनि तीन दिनअघि अदालतले दिएको आदेश बमोजिम एक लाख धरौटी बुझाउँदै तारेखमा रिहा भइसकेका छन् ।

उक्त मुद्दाको अनुसन्धानको क्रममा प्रहरीको फरार सूचीमा रहेका महेन्द्र भने बिहीबार नै अदालतमा उपस्थित भएका थिए ।

उनलाई पनि अदालतले धरौटीमा छाड्ने अनुमान धेरैले गरेका थिए । तर, न्यायाधीश लालकाजी श्रेष्ठको इजलासले महेन्द्रलाई पुर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएसँगै आफन्त चकित परे ।

अदालतको आदेश पश्चात् महेन्द्रलाई राजविराज कारागार चलान गरिएको सूचना अधिकारी गंगाकुमार मिश्रले जानकारी दिए ।

डाक्नेश्वरी नगरपालिका -३ का कृष्ण कुमार यादवले गत असार १७ गते मीरा, उनका श्रीमान महेन्द्र र स्थानीय सहदेव यादवविरुद्ध नेपाल र भारतका गरी दुई देशको नागरिकता लिएको भन्दै नागरिकता सम्बन्धी कसुर मुद्दा दर्ता गराएका थिए ।

प्रहरीले उक्त मुद्दा दर्ता गर्न आलटाल गरेपछि उनी अदालत पुगेका थिए । उच्च अदालत जनकपुर-राजविराज इजलासले उक्त मुद्दा उपर सुनुवाइ गर्दै परमादेश जारी गरेको थियो । त्यसपछि प्रहरीले पक्राउ पुर्जी जारी गरेको थियो ।

भारतको निर्वाचन नामावली २०२२ मा बिहार राज्यको क्रम संख्या ६३२ मा महेन्द्र र ६३३ मा मीराको नाम रहेको विवरण सूचीका साथै अनुमण्डलीय न्यायालय निर्मलीमा महेन्द्र र मीराले पेश गरेको शपथपत्र तथा भारतीय निर्वाचन आयोगबाट लिएको पहिचानपत्रसमेत उजुरी मार्फत पेश गरिएको थियो ।

# 'सबैले इमानदार भएर काम गरे राजस्वले लक्ष्य भेट्छ'

## बजारमा प्रशस्त माल वस्तु भए पनि राजस्व घटिरहेको भन्दै मन्त्रीले झन्झटिलो प्रक्रियाले व्यवसायीले जोखिम मोलेर अकौं बाटो रोज्ने गरेको बताए ।

**टुडे समाचारदाता**

वीरगञ्ज । अर्थमन्त्री डा. प्रकाशशरण महतले सबैले इमानदार भएर काम गरे राजस्वले लक्ष्य भेट्ने बताएका छन् ।

बिहीबार सुख्खा बन्दरगाह वीरगञ्ज र वीरगञ्ज भन्सार कार्यालयको निरीक्षणका क्रममा डा.महतले भन्सारमा हुने दुरुपयोगलाई कर्मचारीले गम्भीरतापूर्वक लिनुपर्ने बताए ।

मन्त्री महतले आयात भएन, माग आएन भने भन्सार शुल्क नउठ्नु स्वाभाविक भएको बताउँदै त्यसमा राजस्व नउठ्नुमा कर्मचारीको नियन्त्रण बाहिरको कुरा भएको चर्चा गरे ।

बजारमा प्रशस्त माल वस्तु भए पनि राजस्व घटिरहेको भन्दै मन्त्रीले झन्झटिलो प्रक्रियाले व्यवसायीले जोखिम मोलेर अकी बाटो रोज्ने गरेको बताए ।

राजस्व सङ्कलनमा भन्सार र सुरक्षा निकायको भूमिका महत्वपूर्ण हुने बताउँदै जायज कुरालाई नाजायज बनाउन थालियो, सार्वजनिकभन्दा निजी फाइदालाई माथि राख्न थालियो भने निश्चित रूपमा व्यवसायीले अकी बाटो रोज्छन् बताए । उनले भन्सार



योगदानको ४० प्रतिशत वीरगञ्ज भन्सार कार्यालयबाट प्राप्त हुनेसमेत प्रष्ट पारे । हाम्रो आय स्रोतको ८० प्रतिशतभन्दा बढी राजस्वबाट प्राप्त हुन्छ, यो ८० प्रतिशतभन्दा बढी राजस्व हामीले भन्सार आन्तरिक राजस्वबाट उठाउनुपर्छ यो राजस्वबाट झन्डै आधा अर्थात ४८ प्रतिशत भन्सारबाट उठाउनुपर्छ,भन्सार योगदानको ४० प्रतिशत सुख्खा बन्दरगाह भन्सार र वीरगञ्ज भन्सार कार्यालयबाट प्राप्त हुन्छ । यस हिसाबले कर्मचारीको जिम्मेवारी कति गहन छ भन्ने बुझ्नुपर्छ बताए ।

# कानुनी दायरामा ल्याउनुपर्ने माग

**मनोज माझी**

राजविराज । राजविराज नगरपालिकाले अहिले नगरक्षेत्र व्यवस्थित गर्ने उद्देश्यका साथ अतिक्रमित घर, टहरा, पसल धमाधम भत्काउन थालेको छ ।

राजविराजको मुख्य हाटबजार (हटिया)बाट अतिक्रमित भौतिक संरचना हटाउन सुरु गरेको नगरपालिकाले निकट भविष्य मै हटिया प्रवेश गर्ने सिरहा रोड तथा राजविराज कारागार क्षेत्र वरिपरिको समेत अतिक्रमण संरचना हटाउने सूचना नै जारी गरिसकेको छ ।

यस्तै, हटिया प्रवेश गर्ने भित्री सडकहरुको अतिक्रमण हटाउने मौखिक जानकारीसमेत गराइसकेको छ । तर, सर्वोच्च अदालतको फैसला तथा नगरपालिकाको आदेश विपरीत वर्षौंदेखि सार्वजनिक जग्गा र सडक मै पसल संचालन गर्दै आएका एक जनाको हकमा नगरपालिकाले कडाइ गर्न नसकेको स्थानीयले गुनासो गरेका छन् ।

यसबारे बिहीबार राजविराज नगरपालिकामा पीडितको तर्फबाट उजुरी नै परेको छ । उजुरीकर्ता मध्येका एक प्रदीप सिंहका अनुसार राम मन्दिर अगाडि हटिया प्रवेश गर्ने मार्गमा पर्ने प्लट नम्बर १५ देखि उत्तर, प्लट नम्बर ५४ देखि दक्षिण र प्लट नम्बर ५३ देखि पश्चिम सार्वजनिक बाटोमा लखन साहले वर्षौदेखि अवैधरुपमा घेरबार र कब्जा गरी टिन र काठको छाप्रो राखी पसल संचालन गर्दै आएका छन् ।

जबकि २०७१ साल पुस २४ गते सर्वोच्च अदालतको पूर्ण इजलासले समेत उक्त जग्गा ऐलानी



बाटो ठहर गरिसकेको छ । विवादित जग्गाबारे सर्वोच्च अदालतको आदेश आएपछि राजविराज नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विष्णु गुरुङ्गले ०७३ असार २० गते लखन साहको नाउँमा चलानी नं. १७१ को पत्र काट्दै उक्त सार्वजनिक बाटोमा अवैध रुपमा बनाइएका भौतिक संरचना सात दिन भित्र हटाउन निर्देशन दिएका थिए । पत्रमा सर्वोच्च अदालतको ०७१ साल पुस २४ गतेको पूर्ण इजलासले सो जग्गा ऐलानी बाटो ठहर गरिसकेको उल्लेख गर्दै अदालतको आदेशको वेवास्ता नगर्न सचेतसमेत गराएको थियो ।

तर, अदालतले गरेको आदेशको ९ वर्ष तथा नगरपालिकाले पत्र काटेर दिएको निर्देशनको ७ वर्ष वितिसक्दा पनि कार्यान्वयन हुन नसकेको उजुरीकर्ता सिंहले बताएका छन् ।

पछिल्लो पटक उनले नगरपालिकामा बुझाएको उजुरीमा सर्वोच्च अदालतले गरेको आदेश तथा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत गुरुङ्गले काटेको पत्रको प्रतिलिपिसमेत संलग्न गरी आदेशको कार्यान्वयन गराउन माग गरेका छन् ।

राजविराज नगरपालिका मुलुक कै पहिलो टाउन प्लानिङ नगरपालिका हो । अतिक्रमणले नगरको सौन्दर्यकरण समेत विगारेको छ, नागरिक संजाल सप्तरीका अध्यक्ष सुखराम यादवले नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सबै जग्गाको पहिचान गरी अविलम्ब मातहतमा ल्याउनुपर्छ बताए ।

स्थानीय त्रिभुवन यादवले सार्वजनिक जग्गा मिचेर निर्माण गरिएका टहरा डोजर लगाएर भत्काउँदा कसैको आपत्ती नहुने भन्दै अटेर गर्नेलाई कानुनी दायरामा ल्याउनु पर्नेमा जोड दिए ।

उनले विगतमा भोट घट्ने चिन्ताले कतिपय जनप्रतिनिधीले डोजर चलाउने आट नगर्दा अतिक्रमण गर्नेहरुको हौसला बढ्दै गएको बताए ।

लखन साहको भने २ वर्ष अघि निधन भइसकेको छ । हाल उनका सन्तानले उक्त जग्गामा बनाइएका पसल भाडामा लगाएका छन् ।

साहको परिवारजन भने उक्त ८ धुर जग्गा प्राप्तिका लागि साहले वि.स. ०३८ सालमा प्रमुख सैनिक सचिवालयमार्फत तत्कालीन राजा वीरेन्द्रलाई निवेदन बुझाएको बताएका छन् ।

सोही निवेदनको आधारमा राजाबाट हुकुम प्रमांगी भएपछि आफूहरु उक्त जग्गामा वसोवास गर्न थालेको साहका आफन्तजनको भनाई छ ।

उक्त जग्गाको विवाद जिल्ला, पुनरावेदन हुदै सर्वोच्च अदालतसम्म पुगेको तत्कालीन नगर प्रमुख जगरनाथ दासको भनाइ छ ।

उनले सो जग्गा सार्वजनिक बाटो भएको दाबी गरे । आफ्नो कार्यकालसम्म उक्त जग्गा खाली नै रहेको भन्दै उनले माओवादी जनयुद्ध कालमा स्थानीय तहमा जनप्रतिनिधि नभएको मौका पारेर जग्गा अतिक्रमण गरिएको जानकारी दिएका छन् ।

तत्कालीन राजा वीरेन्द्रको हुकुम प्रमाँगीमा उक्त जग्गा लखन साहलाई उपभोग गर्न दिनु उल्लेख देखिएपनी सो अघि वि.स. १९९८ सालमा नगरयोजना बन्दा सार्वजनिक प्रयोजनका लागी छुट्याइएको बाटोको जग्गा ब्यक्ती विशेषका नाममा दर्ता गर्ने अधिकार कसैको नभएको सर्वोच्च अदालतको फैसलामा रहेको बताउदै एक कानुन व्यवसायीले कानुन विपरीत कोही पनि जानुहुदैन बताए

राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परविनले प्राप्त उजुरी उपर छानबिन थालिएको बताइन् ।

सार्वजनिक सम्पत्ति संरक्षण गर्ने दायित्व स्थानीय सरकारको भएकाले आफूले यसलाई गम्भीरताका साथ लिएको उनले बताइन् । पुरानै मुद्दा भए पनि यसको छानबिन र कानुनी पक्षलाई हेरी आवश्यक निर्णय लिइने उनले जनाइन ।

छानबिन पश्चात् सार्वजनिक जग्गा नगरपालिका कै मातहतमा ल्याइने उनले बताइन । उनले नगरवासीबाट निकै सहयोग र समर्थन प्राप्त भइरहेकोले कुनै पनि अतिक्रीमत जग्गा खाली गराउनबाटपछि नहट्ने प्रतिबद्धता समेत जनाएकी छन् ।

# 'मधेश प्रदेशलाई सुख्खाग्रस्त क्षेत्र घोषणा गर्न पहल गर्छु



**टुडे समाचारदाता**

वीरगञ्ज । खानेपानी मन्त्री महिन्द्र राय यादवले मन्त्री परिषद् बाट मधेश प्रदेशलाई सुख्खा ग्रस्त क्षेत्र घोषणा गर्न पहल गर्ने बताएका छन् ।

वीरगञ्जमहानगरपालिकाद्वारा आयोजित खानेपानी समस्या र सरोकारवालाबीचको वृहत् छलफल कार्यक्रममा मन्त्री यादवले मधेशको लाइफ चुरेसँग जोडिएकाले र चुरे संरक्षणमा सबै जुट्नुपर्नेमा जोड दिए ।

उनले चुरे संरक्षणका लागि भारत सरकारसँग पनि समन्वय गरेर अगाडि बढ्नुपर्ने बताउँदै यो नेपालको मात्रै नभएर भारतको पनि समस्याको विषय भएको उल्लेख गरे ।

उनले वीरगञ्जका मेयर, सञ्चार माध्यम र जनप्रतिनिधिले खानेपानीको समस्यालाई प्रमुख एजेन्डाको रुपमा उठाएपछि अहिले राज्यको ध्यान केन्द्रित भएको बताउँदै अन्तर्राष्ट्रिय गैर सरकारी संस्था जाइकासँग समन्वय गरेर खानेपानी समस्या निराकरणका लागि मन्त्रालयले पहल गर्ने दाबी गरे ।

कार्यक्रममा पर्सा क्षेत्र नम्बर १ सांसद प्रदीप यादवले एक थोपा पानीका लागि वीरगञ्ज तडपिएको बताउँदै सरकारले वैकल्पिक र दीर्घकालीन योजना बनाएर समस्या समाधान गर्नुपर्नेमा जोड दिए ।

पर्सा क्षेत्र नम्बर २ का सांसद अजय चौरसियाले सरकारलाई वीरगञ्जमा खानेपानीको समस्याबारे बेलैमा ध्यानाकर्षण गराइएको भए पनि समयमा पहल नहुँदा विकराल अवस्था सृजना भएको बताए ।

कार्यक्रममा वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले सबैको सामूहिक प्रयास भएमा एक हप्ताभित्रै खानेपानीको समस्या समाधान हुने बताउँदै वीरगञ्जमा हाल सञ्चालनमा ल्याइएका सार्वजनिक धारासमेत आर्सेनिक भएर नभएको परीक्षण गर्नुपर्ने बताए।

# फूलबारीमा वृक्षरोपण



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरियन लेडिज ग्रुपले बिहीबार जानकी मन्दिरको फूलबारीमा वृक्षरोपण गरेको छ ।

ग्रुपद्वारा विभिन्न प्रजातिका फूलका बोट तथा बेलपत्र,चन्दन,धुपी ,रबर प्लान्ट,सम्मीलगायतका बोटहरु रोपिएको छ ।

केहीदिन अगाडि मात्रै जनकपुरका स्थानीय युवाहरुले फूलबारीमा लगाएको तरकारीहरु नष्ट गरी फूल रोप्न आह्वान गरेका थिए।

ग्रुपको पहलमा जानकी मन्दिरको फूलबारीमा विभिन्न प्रजातिका १ सय १ वटा फूलको विरुवा रोपिएको जानकी मन्दिरका सहायक महन्त रामरोशन दास वैष्णवले बताए ।

फूल रोप्ने कार्यक्रममा जानकी मन्दिरका सहायक महन्त रोशन दास, सञ्चारकर्मी, अभियानी युवा, सुरक्षाकर्मीलगायतको पनि सहभागिता रहेको थियो ।

# इलाका प्रशासन कार्यालय स्थापना गर्न माग

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको ढल्केवरमा इलाका प्रशासन कार्यालय स्थापना गर्न माग गरिएको छ । स्थानीय अभियन्ताहरुले ढल्केवर विकास संघर्ष समिति गठन गरेर इलाका प्रशासन कार्यालय स्थापनाका लागि पहलकदमी लिएका छन् ।

बिहीबार ढल्केवर विकास संघर्ष समितिका संयोजक फुलगेन महतोको नेतृत्वमा पुगेका टोलीले ढल्केवरमा इलाका प्रशासन कार्यालय स्थापना गर्न माग गर्दै धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहाललाई ज्ञापनपत्र बुझाएका छन्।

ढल्केवर भेगका नागरिकहरुलाई जिल्ला प्रशासन कार्यालय धनुषा जनकपुरबाट प्रदान गरिने सेवा जनताको घरदैलोमै सरल, सहज, सुलभ, झन्झटरहित एवं गुणस्तरीय तवरले पुऱ्याइ संघीयताको धरातलीय अनुभूति अन्तर हृदयबाटै गराउने उद्देश्यले इलाका प्रशासन कार्यालय ढल्केवर स्थापना गरिदिन र सोको लागि नेपाल सरकार गृह मन्त्रालयमासमेत आवश्यक समन्वय, पहल तथा सहजीकरण गरिदिन ज्ञापनपत्रमा माग गरिएको छ ।

अहिले मिथिला नगरपालिका, बटेश्वर गाउँपालिका, गणेशमान चारनाथ नगरपालिकालगायत यस भेगका नागरिकलाई नागरिकता, राहदानी, शान्ति सुरक्षाको प्रत्याभूति, विभिन्न सिफारिसलगायत आम जनताको दैनिक जीवनसँग प्रत्यक्ष एवं परोक्ष रुपमा सरोकार राख्ने विविध प्रशासनिक कार्यका लागि लामो दुरीको यात्रा गरेर जनकपुर



धाउनैपर्ने बाध्यता रहेको समितिका संयोजक फुलगेन महतोले बताए ।

'सबै नागरिकलाई जनकपुरधाम पुगी सेवा लिने हैसियत छैन । विचौलियामार्फत मात्र चाँडो सेवा लिन सकिने अवस्थाको सामना गर्नुपरेको छ । आर्थिक रुपमा क्षति व्यहोर्नुपर्ने बाध्यता छ । हालै मात्र जन्मसिद्ध नागरिकका सन्तानले नागरिकता प्राप्तिका लागि झेल्नुपरेको सास्ती ज्वलन्त उदाहरण हो,' प्रमुख जिल्ला अधिकारीलाई बुझाइएको ज्ञापनपत्रमा उल्लेख छ ।

ज्ञापनपत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी दाहालले इलाका प्रशासन कार्यालय स्थापनाको प्रयास सराहनीय रहेको बताए ।

'यो माग अहिलेको आवश्यकता हो । यस विषयमा गृहमन्त्री र सचिवज्यूलाई पनि अवगत गराएको छु' उनले भने, 'यो मागमा म पूर्ण सकारात्मक छु । यसका लागि सबैले आ-आफ्नो ठाउँबाट पहल गर्नुपर्छ ।'

ज्ञापनपत्र बुझाउन संघर्ष समितिका पदाधिकारीहरुसँगै मिथिला उद्योग वाणिज्य संघ ढल्केवरका उपाध्यक्ष सन्तोषकुमार महतो, व्यापारी, सञ्चारकर्मी र स्थानीय अभियानकर्ताको टोली जिल्ला प्रशासन कार्यालय पुगेका थिए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८